का.जि.प्र.का.द.नं. १००/०५२/६०
३० साउन २०८३
शनिबार
15 August 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २०५। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भेलाले झनै गिजोलियो कांग्रेस

## एकताको रटान, संवादहीनता कायमै

चुनावताका मत्थर भइसकेको कांग्रेस विवाद अदालतको 'पुनरावलोकन निस्सा'ले बल्झायो, शुक्रबारको देउवापक्षीय भेलाले त झनै गिजोलिएको छ।

शेरबहादुर देउवा नै हाम्रो पार्टी सभापति हो । उनकै नेतृत्वमा १५औं महाधिवेशन सम्पन्न हुन्छ र पार्टी एकता भएर अघि बढ्छौं ।

**डा.शशांक कोइराला**
संयोजक, राष्ट्रिय भेला



नेपाली कांग्रेस अहिले विभाजित मनस्थितिबाट गुज्रिरहेको छ । कांग्रेसलाई हामी मिलाउँछौं ।

**डा.शेखर कोइराला**
नेता, कांग्रेस

गगन थापालाई सभापति स्वीकार गरेर चुनाव लडेकाहरु र देउवाले आफैंलाई सभापति घोषणा गर्नु लज्जास्पद हो ।

**देवराज चालिसे**
प्रवक्ता, कांग्रेस

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २९ साउन ।

नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले पार्टीभित्रका असहमतिलाई सबैको भावनाको कदर हुनेगरी समाधान गर्नुपर्ने बताएका छन्। शुक्रबार आफ्नो पक्षका नेताहरूले आयोजना गरेको राष्ट्रिय भेलाको उद्घाटन गर्दै देउवाले व्यक्ति केन्द्रित नभई कांग्रेसको महाधिवेशनलाई एकताको महाधिवेशन बनाउनुपर्नेमा जोड दिएका हुन्।

तर, विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगनकुमार थापा र देउवाबीच औपचारिक संवाद नभएको करिब एक वर्ष भयो । गत भदौ २३को जेनजी आन्दोलनपूर्व एमालेसँगको सत्तासहकार्यमा रहँदा बेलाबखत थापा र देउवाबीच संवाद हुने गरे पनि त्यसयता औपचारिक भेट भएको छैन ।

यद्यपि, टेलिफोन संवाद भने आवश्यकताअनुसार बेलाबेलामा भइरहेको सभापति थापानिकटका नेताहरूले दावी गरेका छन्। आन्तरिक राजनीतिक समस्या समाधानका विषयमा प्रत्यक्ष भेट नभए पनि समय-समयमा विभिन्न माध्यमबाट कुराकानी हुने गरेको नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले बताए । 'जेनजी आन्दोलको चपेटामा पर्नुभएका निवर्तमान सभापति देउवाले लामो समय विदेशमै बिताउनुभयो, उहाँ विदेश हुँदा सभापति गगन थापा पनि भेटकै लागि विदेश जाने कुरा भएन । तर, पार्टीभित्रका समस्या सामाधानका सवालमा बेलाबखत थापा र देउवाबीच विभिन्न माध्यमबाट कुराकानी भएकै थिए ।' आन्तरिक असमझदारी संवादबाटै समाधान खोजिनुपर्ने नेताहरूको बाहिरी रटान कायम छ। तर, शीर्ष तहमा >>> पृष्ठ २ मा

### विशेष महाधिवेशनमा विधि मिचियो : देउवा

नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले विशेष महाधिवेशनका नाममा विधि र विधान मिचिएको बताएका छन्। शुक्रबार कांग्रेस संस्थापनइतर पक्षको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै देउवाले पार्टीभित्रका असहमतिलाई सबैको भावनाको कदर हुने गरी समाधान गर्नुपर्ने बताए ।

उनले व्यक्तिकेन्द्रित नभई कांग्रेसको महाधिवेशनलाई एकताको महाधिवेशन बनाउनुपर्नेमा जोड दिए । 'विशेष महाधिवेशनका नाममा विधि र विधान >>> पृष्ठ २ मा

### गगनसँग टिकट देउवालाई सभापति

विशेष महाधिवेशनपश्चात् पार्टी संरचनाबाहिर पुगेका देउवा समूहका अधिकांश नेताले विशेष महाधिवेशनको वैधानिकतामाथि प्रश्न उठाइरहे। तर, निर्वाचन आयोगले थापा नेतृत्वको कांग्रेसलाई आधिकारिकता दिएपछि गत फागुन २१को प्रतिनिधिसभा निर्वाचनमा सबैले थापालाई सभापति स्वीकार गरेका थिए। पछि सर्वोच्च अदालतले पनि थठापालाई नै आधिकारिकता दियो । थापाकै हस्ताक्षरको टिकट लिएर चुनावमा गएका देउवा पक्षका अधिकांश >>> पृष्ठ २ मा

# ब्याक गियरमा वालेन्द्र

**समाचार विश्लेषण**

**जनक नेपाल/मध्यान्ह**
काठमाडौं, २९ साउन

प्रधानमन्त्री वालेन्द्र शाहले सरकारको सुरुवाती चरणमा विदेशी कूटनीतिज्ञसँगको भेटघाटमा अपनाएको कडा प्रोटोकल बिस्तारै खुकुलो पारेका छन् । प्रधानमन्त्री बनेपछि उनले काठमाडौंस्थित विदेशी राजदूतसँग छुट्टाछुट्टै भेट नगर्ने नीति लिएका थिए । तर, करिब साढे चार महिनापछि उनले भारतका लागि नेपाली राजदूत नवीन श्रीवास्तव र चीनका लागि नेपाली राजदूत झाङ माओमिङसँग अलग-अलग भेटवार्ता गरेका छन् ।

प्रधानमन्त्री शाहले २५ साउनमा सिंहदरबारमा भारतीय राजदूत श्रीवास्तवसँग पहिलोपटक एक्लाएक्लै भेट गरे । त्यसपछि चिनियाँ राजदूत झाङ माओमिङसँग पनि छुट्टै भेटवार्ता भयो । प्रधानमन्त्री बनेयता विदेशी राजदूतसँग उनले यस्तो प्रत्यक्ष द्विपक्षीय भेट पहिलोपटक गरेका हुन् ।

यो भेटसँगै प्रधानमन्त्री शाहले सुरुवातमा अपनाएको कूटनीतिक शैली परिवर्तन गरेको स्पष्ट भएको छ । सुरुमा उनले भारत, चीनसहित विभिन्न देशका राजदूतलाई सामूहिक भेट दिएका थिए । व्यक्तिगत भेटभन्दा सामूहिक संवाद र संस्थागत कूटनीतिलाई प्राथमिकता दिने उनको शैलीलाई त्यसबेला सरकारको फरक कूटनीतिक अभ्यासका रूपमा हेरिएको थियो । तर, त्यही अडानबाट प्रधानमन्त्री पछि हटेको देखिएको छ ।

भारतीय राजदूत नवीन श्रीवास्तवले भेटमा बालेनलाई भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको शुभकामना र भारत भ्रमणको निम्तो पनि हस्तान्तरण गरे । भारतले प्रधानमन्त्री शाहलाई छिट्टै नयाँदिल्लीमा स्वागत गर्न आतुर देखिन्छ । भारत भ्रमणको मिति भने तय भइसकेको छैन । यो भेट शिष्टाचारमा सीमित रहेन । भार तसँगको उच्चस्तरीय राजनीतिक संवाद पुनः सक्रिय बनाउने दिशामा यो भेटलाई हेरिएको छ ।

प्रधानमन्त्रीको कूटनीतिक शैलीमा 'ब्याक गियर' लगाए पनि त्यो व्यावहारिक बाटो हो । बालेन साँच्चिकै ब्याक गियरमा हिँडेका हुन् वा कूटनीतिक बाटो सच्याएर रणनीतिक चाल मात्र चालेका हुन्, त्यो भने अबका निर्णयले देखाउनेछ ।

रोचक त के छ भने प्रधानमन्त्री बनेको साढे चार महिनापछि मात्रै भारतीय राजदूतले मोदीको औपचारिक बधाई र शुभकामना बालेनसमक्ष पुऱ्याएका छन् । भारतले सुरुदेखि नै प्रधानमन्त्रीसँग प्रत्यक्ष संवादको प्रयास गरे पनि व्यक्तिगत भेट दिइएको थिएन् । प्रधानमन्त्री शाहको प्रारम्भिक कूटनीतिक शैलीका कारण भारतीय विदेश सचिव विक्रम मिस्रीको प्रस्तावित नेपाल भ्रमणसमेत स्थगित हुन पुगेको थियो । उनी बालेनलाई भारत भ्रमणको औपचारिक निम्तोपत्र लिएर आउँदै थिए । त्यस घटनाले नेपाल-भारत उच्चस्तरीय राजनीतिक संवादमा अवरुद्ध पारेको थियो । तर, पछिल्लो घटनाक्रमले दूरी क्रमशः घट्दै गएको देखाउँछ । प्रधानमन्त्री स्वयं भारतीय राजदूतसँग भेटवार्ता गर्ने अवस्थामा पुगेका छन् भने मोदी उनलाई छिट्टै नयाँदिल्लीमा स्वागत गर्न चाहन्छन् ।

प्रधानमन्त्रीको कूटनीतिक शैली परिवर्तन हुनुमा दुई कारणलाई मुख्य मानिएको छ । पहिलो, बालेनको फरक शैली देखेपछि भारतीय सत्तारुढ दल भाजपाले रास्वपा सभापति रवि लामिछानेलाई नयाँ दिल्लीमा रातो कार्पेट बिच्छ्यायो । उनले भाजपाका सकल दर्जाका नेतादेखि प्रधानमन्त्री मोदीलाई समेत भेटे । यसले प्रधानमन्त्री बालेनलाई झस्काएको देखिन्छ । त्यसैले उनले प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार 'बेन'लाई सुटुक्क नयाँ दिल्ली पठाएर दूरी घटाए । त्यसपछि नै हो, प्रधानमन्त्री शाहले भारतसँग कूटनीतिक सक्रियता बढाएको ।

भारतीय राजदूतसँग भेटेकै दिन प्रधानमन्त्री शाहले चिनियाँ राजदूत झाङ माओमिङसँग पनि भेट गरे । यसले प्रधानमन्त्रीले दुई छिमेकीलाई एकै नजर र समान व्यवहार गर्न खोजेको सन्देश दिएको छ ।

गत वर्ष जेनजी आन्दोलनपछि अन्तरिम सरकार र चुनावपछि बनेको रास्वपा सरकारका कतिपय गतिविधिले उत्तरी छिमेकी चीन सशंकित छ । खासगरी उसको संवेदनशीलतासँग जोडिएको तिब्बती गतिविधि काठमाडौंमा बढेको भन्दै बेजिइङ असन्तुष्ट छ । जेनजी आन्दोलनमा टिओबीको संलग्नतादेखि दलाइ लामाको बधाई र शुभकामनाले पनि चीनलाई झस्काएको बुझ्न गाह्रो छैन । त्यसमाथि जिल्ला प्रशासन कार्यालय >>> पृष्ठ २ मा

**जेनजी आन्दोलन**

# मुद्दा फिर्ता लिन बन्यो समिति

सरकारले मुद्दा फिर्ताका लागि समिति बनाए पनि तत्काल मुद्दा फिर्ता हुने छैन । यसबारे गठित समितिले आन्दोलनका क्रममा दर्ता भएका मुद्दाको संख्या, मुद्दाको प्रकृति, अभियोग लागेका व्यक्तिको अवस्था र मुद्दा फिर्ता गर्न सकिने कानुनी आधारबारे अध्ययन गर्नेछ ।

जघन्य अपराधमा संलग्नले छुट पाउँदैनन् । तर, आन्दोलनमा सहभागी भएकै कारण निर्दोष युवाहरु थुनामा परेका भए छुट्नेछन् ।

**■ सुधन गुरुङ**
गृहमन्त्री

मुद्दा फिर्ता लिँदा ओलि पुनरावेदन हुन सक्छ । सर्वोच्चले व्याख्या गर्न सक्छ । भविष्यमा के हुन्छ विचार गरेर परिपक्व निर्णय गरौं ।

**■ मनीष खनाल**
सांसद, रास्वपा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ साउन

सरकारले जेनजी आन्दोलनका क्रममा पक्राउ परेका तथा विभिन्न फौजदारी मुद्दामा थुनामा रहेका व्यक्तिको मुद्दा फिर्ता लिने तयारी गरेको छ । यसका निम्ति पूर्वअध्ययन गर्न समिति गठन भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार नेपाल सरकार र जेनजी आन्दोलनका प्रतिनिधिबीच २०८२ मंसिर २४ गते सम्झौता भएको थियो । साथै, नेपाल सरकार मन्त्रिपरिषद्ले २०८३ असार १८ गते जेनजी आन्दोलनका सहिद परिवार तथा घाइतेका लागि समन्वित पुनर्स्थापना, जीवनयापन तथा सामाजिक संरक्षणसम्बन्धी एकीकृत प्याकेज स्वीकृत गरेको थियो । जेनजीसँगको सम्झौता तथा एकीकृत प्याकेजको प्रभावकारी कार्यान्वयनका लागि अन्तरमन्त्रालय/अन्तरनिकाय समन्वय र सहजीकरण गर्ने प्रयोजनका >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## प्रगतिशील मञ्चको साधारणसभा तथा छैटौं अधिवेशन

# 'फ्रि भिसा, फ्रि टिकट' नीति परिमार्जनमा पूर्वमन्त्री श्रेष्ठको खुलासा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ साउन

नेकपा एमालेका केन्द्रीय सदस्य तथा पूर्वश्रममन्त्री कृष्णकुमार श्रेष्ठ 'किसान'ले गठबन्धन सरकारका नेताहरूको दबाबका कारण आफ्नो कार्यकालमा 'फ्रि भिसा, फ्रि टिकट' नीति परिमार्जन हुन नसकेको खुलासा गरेका छन् । पार्टी निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको साधारणसभा तथा छैटौं अधिवेशन उद्घाटन गर्दै पूर्वमन्त्री श्रेष्ठले उक्त खुलासा गरेका हुन्।

वैदेशिक रोजगार व्यवसायी पृष्ठभूमिको भएकाले मन्त्री भएदेखि नै उक्त नीति परिमार्जनका लागि पहल गरेको भए पनि गठबन्धन सरकारका नेताहरूले नचाहेका कारण आफू पछि हट्न बाध्य भएको उनले बताए । उनले भने, 'मैले धेरै प्रयास गरेको हो । प्रयास गर्दा पद नै चिप्लिएर आफैं लड्ने अवस्था भएकाले छोडिदिएँ ।'

पूर्वमन्त्री श्रेष्ठले नेपाल वैदेशिक रोजगार

व्यवसायी संघले उठाएको १५ बुँदे मागमा भने पार्टीको पूर्ण समर्थन रहेको बताए ।

उद्योग व्यवसायी राष्ट्रिय महासंघका निवर्तमान अध्यक्ष, निवर्तमान सांसद तथा संघका पूर्वअध्यक्ष एलपी साँवा लिम्बूले संघले उठाएका माग वैदेशिक रोजगारमा जाने कामदार तथा व्यवसायीको हितमा रहेको भन्दै ती माग पूरा गरिनुपर्ने बताए । व्यवसायी सरकार, गुन्डागर्दी र विदेशी रोजगारदाताको चेपुवामा रहेको भन्दै नीति नियम सुधारका माध्यमबाट त्यसमा सम्बोधन गरिनुपर्ने उनको भनाइ थियो। संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले राजनीतिक दलले संघको आन्दोलनमा चासो >>> पृष्ठ २ मा

### प्रगतिशीलको निर्वाचन बाँकी

**काठमाडौं/मस-** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको नयाँ नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया सुरु भएको छ।

शुक्रबार साधारणसभा तथा छैटौं अधिवेशन उद्घाटनपछि नयाँ नेतृत्व चयनको प्रक्रिया सुरु भएको हो । मञ्चको अध्यक्ष पदमा चार जनाको उम्मेदवारी परेको छ ।

मञ्चको अध्यक्षमा वर्तमान अध्यक्ष जनक रावल, महासचिव मिलन कट्टेल, उपाध्यक्ष सरिता घले र >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# सरकारी कर्मचारीलाई वैदेशिक भ्रमणमा कडाइ

**काठमाडौं/मस–** सरकारले निजामती तथा सरकारी कर्मचारीहरूको वैदेशिक भ्रमणलाई लिएर कडाइ गरेको छ। वैदेशिक भ्रमणलाई व्यवस्थित र मितव्ययी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले हाल लागु भैरहेको मापदण्डको कार्यान्वयनमा कडा गरेको हो।

प्रधानमन्त्री कार्यालयले सबै मन्त्रालय, आयोग तथा निकायहरूलाई परिपत्र जारी गर्दै कुनै पनि वैदेशिक भ्रमणका लागि कर्मचारी मनोनयन गर्नुभन्दा अगावै अनिवार्य रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पूर्व स्वीकृति लिनुपर्ने कडा निर्देशन दिएको छ। पूर्व स्वीकृति विना गरिने वैदेशिक भ्रमण र मनोनयनलाई पूर्ण रूपमा रोक्ने गरी यो व्यवस्था कार्यान्वयनमा ल्याइएको हो।

यसका साथै, वैदेशिक भ्रमणबाट प्राप्त सिकाइलाई सरकारी संयन्त्रभित्रै संस्थागत रूपमा सदुपयोग गराउन पनि सरकारले कडाइ गरेको छ। वैदेशिक अध्ययन, भ्रमण, तालिम, बैठक, गोष्ठी, सेमिनार, कार्यशाला वा सम्मेलनमा सहभागी भएर फर्किएका कर्मचारीहरूले आफूले हासिल गरेको ज्ञान, सीप र असल अभ्यास अन्य कर्मचारीहरूमाझ अनिवार्य रूपमा सेयर गर्नुपर्ने नियम बनाइएको छ।

उक्त मापदण्ड अनुसार वैदेशिक भ्रमण सकेर कार्यालयमा हाजिर भएको ५ दिनभित्र सम्बन्धित कर्मचारीले आफू कार्यरत निकायका सहकर्मीहरूबीच सिकाइ तथा अनुभव आदानप्रदान गरिसक्नुपर्नेछ। यो व्यवस्थालाई कडाइका साथ पालना गराउन प्रधानमन्त्री कार्यालयले सबै सरकारी निकायहरूलाई स्पष्ट परिपत्र गर्दै निगरानी बढाएको हो। वैदेशिक भ्रमणलाई पूर्व स्वीकृतिको अनिवार्य दायरामा ल्याउने र फर्किएपछि प्राप्त ज्ञानको अनिवार्य आदानप्रदान गराउने सरकारले सो मापदण्ड कार्यान्वयनले अनावश्यक वैदेशिक भ्रमण रोक्नका साथै भ्रमणको उद्देश्य र प्रतिफललाई पारदर्शी बनाउनेछ।

# स्वास्थ्य बिमाको नवीकरण अब अनलाइनबाटै

**काठमाडौं/मस–** स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य बिमासम्बन्धी नयाँ आबद्धता, नवीकरण तथा बिमितको विवरण अद्यावधिक गर्ने कार्य अब अनलाइनमार्फत मात्रै हुने जनाएको छ। बोर्डका अनुसार शुक्रबारदेखि स्वास्थ्य बिमासम्बन्धी विभिन्न सेवा डिजिटल माध्यमबाटै लिन सकिनेछ।

राष्ट्रिय परिचयपत्रसँग अन्तरआबद्ध गरिएको नयाँ प्रणालीमार्फत सेवाग्राही स्वयं वा दर्ता सहयोगीले घरबाटै स्वास्थ्य बिमाको प्रक्रिया पूरा गर्न सक्नेछन्। बिमा शुल्क भुक्तानीका लागि इसेवा, खल्ती र कनेक्ट आईपीएसमार्फत भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ।

राष्ट्रिय परिचयपत्र नभएका परिवारका सदस्यले भने म्यानुअल रूपमा डिजिटल विवरण पेस गर्न सक्नेछन्। यससँगै पहिले नै स्वास्थ्य बिमामा आबद्ध परिवारले परिवार मूलीको बिमा नम्बर प्रयोग गरी प्रणालीमा जोडिएर आफ्नो विवरण अद्यावधिक तथा बिमा नवीकरण गर्न सक्ने बोर्डले जनाएको छ। विद्युतीय प्रणालीको कार्यान्वयनसँगै सेवाग्राहीको समय बचत हुनुका साथै सेवा प्रवाहमा पारदर्शिता र तथ्यांकको शुद्धता बढ्ने अपेक्षा गरिएको छ। बोर्डका प्रवक्ता डा.पवनकुमार शाहले सरकारले अघि सारेको डिजिटल सुशासनको अवधारणालाई साकार पार्दै स्वास्थ्य बिमा कार्यक्रमलाई पूर्ण रूपमा डिजिटल बनाउने प्रक्रियामा अनलाइन पोर्टलले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका छन्।

# एनसेल सेयर खरिद-बिक्री छानबिन प्रतिवेदन सार्वजनिक गर्ने सरकारको निर्णयमा सर्वोच्चको रोक

**काठमाडौं/मस–** एनसेलको सेयर खरिद-बिक्रीसम्बन्धी छानबिन प्रतिवेदन सार्वजनिक गर्ने सरकारको निर्णयमा सर्वोच्च अदालतले तत्कालका लागि रोक लगाएको छ।

शुक्रबार न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले टंकमणि शर्मा नेतृत्वको छानबिन समितिले २०८० माघ १५ गते सरकारलाई बुझाएको प्रतिवेदन सार्वजनिक नगर्न अन्तरिम आदेश दिएको हो।

'रिट निवेदनको अन्तिम किनारा नलागेसम्म टंकमणि शर्माद्वारा नेपाल सरकारसमक्ष बुझाएको २०८० माघ १५ को प्रतिवेदन सार्वजनिक नगर्नू, नगराउनू र उक्त प्रतिवेदन सार्वजनिक गर्ने गरी नेपाल सरकारबाट २०८३ साउन २६ गते भएको निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नू', आदेशमा भनिएको छ।

सरकारले २०८३ साउन २६ गते बसेको मन्त्रिपरिषद् बैठकबाट उक्त प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेको थियो।

# पत्रकार श्रेष्ठलाई अदालतमा उपस्थित गराउन आदेश

**काठमाडौं/मस–** सर्वोच्च अदालतले जनआस्था साप्ताहिकका प्रधान सम्पादक किशोर श्रेष्ठलाई सोमबार अदालतमा उपस्थित गराउन प्रहरीलाई आदेश दिएको छ।

न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले उनलाई अदालतमा उपस्थित गराउन आदेश दिएको हो। पत्रकार श्रेष्ठका तर्फबाट उनकी श्रीमती सरस्वती श्रेष्ठले बिहीबार थुनामुक्त गर्न माग गर्दै बन्दीप्रत्यक्षीकरण रिट दायर गरेकी थिइन्। रिटमा बिनाआधार पक्राउ गरिएको भन्दै उनलाई थुनामुक्त गर्न माग गरिएको छ।

बुधबार राति पत्रकार श्रेष्ठलाई पक्राउ गरिएको थियो। काठमाडौं जिल्ला अदालतले बिहीबार उनलाई प्रहरी हिरासतमा राख्न तीन दिनको अनुमति दिएको छ।

**भेलाले...**

हुने संवादको भने अभाव खड्किएको छ। संस्थापन र संस्थापनइतर समूह दुवै आ-आफ्ना अडानबाट पछि हट्न तयार नभएपछि विवाद थप जटिल बन्दै जाँदा संस्थापनइतर समूहले राष्ट्रिय भेला नै गर्न पुग्यो। उक्त भेलामा निवर्तमान सभापति देउवाको सहभागितालेसमूहले राहतको महसुस गरेको छ। भेलामा सहभागी देशभरका कार्यकर्ताको उल्लेख्य उपस्थितिले नेताहरूमा ऊर्जा थपिएको देखिन्छ। तर, आन्तरिक विवाद समाधानमा यो भेला थप बाधक बन्ने कतिपयको बुझाइ छ।

आन्तरिक विवाद समाधानका लागि संस्थापन र इतर समूहबीच पटक-पटक संवाद भए पनि दुवै पक्षले अघि सारेका प्रस्तावमा सहमति जुट्न सकेको छैन। उपसभापति विश्वप्रकाश शर्माले विवाद समाधानका लागि सातबुँदे प्रस्ताव अघि सारेका थिए। त्यसको प्रत्युत्तरमा संस्थापनइतर समूहले पाँचबुँदे प्रस्ताव प्रस्तुत गरेको थियो। संस्थापन पक्षको सातबुँदे र इतर समूहको पाँचबुँदे प्रस्तावबीच केही विषयमा समान धारणा देखिए पनि महाधिवेशनको कार्यतालिका, विभाग गठन, निर्णय प्रक्रियालगायत निर्णायक राजनीतिक मुद्दामा संवाद हुन सकेको छैन। नेताहरूबीच संवादहीनताको अवस्थाले सहमति जुट्न नसकेपछि कांग्रेस विग्रहको मोडमा पुगेको छ।

नेताहरूको एकताको रटान

राष्ट्रिय भेला आयोजक समितिका संयोजक एवं पूर्वमहामन्त्री डा.शशांक कोइरालाले पार्टीलाई एकजुट बनाउन राष्ट्रिय भेला आयोजना गरिएको बताएका छन्। भेलाको उद्घाटन समारोहमा डा.कोइरालाले पार्टीलाई एकजुट बनाउने आफ्नो कर्तव्य भएको दाबी गरे। 'कांग्रेस एकढिक्का भएको खण्डमा कसैले पनि पराजय गर्न सक्दैन। यही नै भेलाको मुख्य उद्देश्य हो,' उनले भने। उनले यसो भन्दै गर्दा फेरि पनि देउवा नै सभापति भएको दोहोऱ्याए। पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिले भेला सफल हुने र पार्टी एकता हुने उनको जिकीर छ। एकताको रटान दोहोऱ्याएका नेता कोइरालाले मूल नेतृत्वसँग भने अहिलेसम्म संवादको वातावरण बनाउन सकेका छैनन्।

सोही कार्यक्रममा नेता डा.शेखर कोइरालाले पार्टी एकढिक्का हुने कुरामा आफू विश्वस्त रहेको बताए। 'नेपाली कांग्रेस अहिले विभाजित मनस्थितिबाट गुज्रिरहेको छ। कांग्रेसलाई हामी मिलाउँछौं,' इतर पक्षको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै कोइरालाले भने, 'मलाई विश्वास छ नेपाली कांग्रेस एकढिक्का हुन्छ र हुन्छ भन्ने कुरामा म विश्वस्त छु। यो देशको निम्ति एकढिक्का हुन जरुरी छ।'

१४औं महाधिवेशनमा देउवासँगै सभापतिमा भिडेका उनले आफू पार्टी विभाजन रोक्ने प्रयासमा निरन्तर लागेको दाबी गरे। आन्तरिक एकता गरेर कांग्रेसले अन्य राजनीतिक पार्टीहरूलाई समेत राष्ट्रिय एकताको सूत्रमा जोड्ने काम गर्दै आएको उनको दाबी छ। 'नेपाली कांग्रेस मात्रै यस्तो पार्टी हो, जसले सधैं सबैलाई मिलाएर हिँडेको पार्टी हो। हामी कसैको निरंकुशता स्वीकार गर्दैनौं,' उनले भने।

त्यस्तै, पूर्वसहमहामन्त्री कृष्णप्रसाद सिटौलाले पार्टी सभापति गगन थापालाई आफ्नो गल्ती सच्याउन सुझाव दिए। हठका कारण इतिहासमा ठुलाठुला शासकहरूको पतन भएको स्मरण गराउँदै उनले थापालाई नसच्चिए पतन निश्चित रहेको चेतावनीसमेत दिए। 'मानिसको जीवनमा गल्ती हुन्छ, तर त्यसलाई सच्याउन सक्नुपर्छ,' उनले भने, 'दुनियाँमा ठुलाठुला शासकहरू आफूले गरेको गल्ती नसच्याउने हठका कारण पतन भएका छन्। गगनजी, सच्याउने अवसर अझै तपाईलाई छ।'

विशेष महाधिवेशनको वैधानिकता सम्बन्धमा सिटौलाले संवैधानिक निकायहरूको भूमिकामाथि समेत प्रश्न उठाएका छन्। 'विधि र प्रक्रिया नपुऱ्याई विशेष महाधिवेशन गरेको कागज बोकेर गगन थापाहरू निर्वाचन आयोग पुगेपछि सभापति शेरबहादुर देउवा र अन्य पदाधिकारीलाई सोध्दै नसोधी आयुक्तहरूले बहुमतका आधारमा निर्णय गरिदिनुभयो। यो कसैको लहडमा गरिएको निर्णय जस्तो देखियो,' उनले भने।

त्यस्तै, पूर्वसहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'ले पार्टीलाई एक ढिक्का राख्न संवाद र सहकार्यको विकल्प नरहेको बताइन्। पार्टीलाई एउटा घर र परिवारसँग तुलना गर्दै उनले भनिन्, 'नेपाली कांग्रेस एउटा परिवार हो। यो परिवारभित्र उत्पन्न हुने कलहले केवल पार्टीलाई मात्र होइन, सिंगो मुलुकलाई नै ध्वस्त बनाउन सक्छ।' उनले पार्टीका नेताहरूलाई आन्तरिक विवाद सुल्झाएर राष्ट्रिय हितमा केन्द्रित हुन आग्रह गरिन्। 'पार्टी एकता आजको अपरिहार्य आवश्यकता हो। हामीले आपसी संवाद र सहकार्यका माध्यमबाट पार्टीलाई एकताबद्ध राख्नैपर्छ,' उनले भनिन्।

आन्दोलनपछिको अवस्था

जेनजी आन्दोलनका क्रममा घाइते भएका देउवा उपचारका क्रममा गत कात्तिक १०मै सिंगापुर गएका थिए। २८ दिनपछि मंसिर १८मा स्वदेश फर्किए। त्यसबेला कार्यवाहक सभापतिको जिम्मा लिएका पूर्णबहादुर खड्का समूह र वरिष्ठ नेता शेखर कोइराला-गगन थापा समूहबीच मतभेद चर्किएको थियो। शेखर-गगनले निर्वाचनअघि नै नियमित महाधिवेशनको एजेन्डा नछाड्दा तत्कालीन संस्थापन पक्षका नेताहरूले निर्वाचनपछि महाधिवेशन गर्ने अड्डी कसिरहे। पार्टीभित्र चुलिँदै गएको आन्तरिक समस्या देउवाले नै मिलाउने संस्थापन पक्षको अपेक्षा थियो। तर, देउवाले सबै अधिकार पूर्णबहादुरलाई दिएकाले उनीसँगै कुरा गर्न भनेपछि थापा समूहले विशेष महाधिवेशनलाई निर्विकल्प घोषणा गरेको महामन्त्री गुरुघिमिरेले बताए। 'पुस २७मा समेत सभापति देउवालाई विशेष महाधिवेशनको उद्घाटनमा ल्याउने हाम्रो प्रयास असफल भएपछि ५७ प्रतिशत महाधिवेशन प्रतिनिधिको उपस्थितिमा हलबाट नीति र नेतृत्व फेरेका हौं,' घिमिरेले मध्यान्हसँग भने।

देउवा स्वयंले सक्रिय राजनीतिबाट बिदा लिएको घोषणा गरेका कारण सबै राजनीतिक मुद्दामा कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँगै संवाद गर्ने गरेको गगननिकट नेताहरू बताउँछन्। तर, खड्काको नेतृत्वमा बसेको केन्द्रीय समितिको बैठकले करिब ५० दिनसम्म १५औं महाधिवेशनको एजेन्डामा सहमति जुटाउन नसकेपछि थापा-शर्माले विशेष महाधिवेशनलाई प्राथमिकता दिए। विशेष महाधिवेशनपछि पार्टीको संरचनाबाहिर रहन पुगेका देउवा र सभापतिको आशनमा पुगेका गगनबीच संवाद हुन सकेन।

**विशेष...**

मिचिएको छ। सर्वोच्च अदालतले न्याय दिन्छ भन्नेमा म आशावादी छु,' उनले भने, 'हामी मेलमिलापको पक्षधर हौं। पार्टीभित्रका असहमतिलाई सबैको भावनाको कदर हुनेगरी समाधान हुनुपर्छ, व्यक्ति केन्द्रित होइन।' आफू मेलमिलापको पक्षमा रहेको बताउँदै अदालतबाट न्याय पाउने आशामा रहेको बताए।

मुलुकको राजनीतिक अवस्था संवेदनशील रहेको भन्दै देउवाले लोकतन्त्रको रक्षाका लागि कांग्रेस एकढिक्का हुनुपर्नेमा जोड दिए। राष्ट्रिय सहमतिका आधारमा अघि बढ्नुपर्ने आवश्यकता रहेको भन्दै देउवाले सबै राष्ट्रिय राजनीतिक शक्तिलाई एकढिक्का बनाएर अघि बढ्नुपर्ने बताए। 'संकटका समयमा संवाद र सहमतिमा जोड दिनुपर्छ। यही मूल्य मान्यतामा म कटिबद्ध छु,' उनले भनेका छन्।

**गगनसँग...**

नेता निर्वाचनमा पराजित भए। उनीहरूमध्ये अधिकांश फेरि वर्तमान नेतृत्वविरुद्ध एकताबद्ध बनेका छन्। निर्वाचनपछि शेरबहादुर देउवालाई नै जबर्जस्त सभापति बनाउनेहरूमा डा.शेखर कोइराला, डा.प्रकाशशरण महत, डा.मीनेन्द्र रिजाल, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, एनपी साउद, डिना उपाध्यायलगायत छन्।

संस्थापन पक्ष पार्टीलाई पुनर्जागृत बनाउने अभियानमा लागेको छ। पार्टीको १५औं महाधिवेशन असोजको १७-१९मा गर्ने कार्यतालिका सार्वजनिक गरेर महाधिवेशनको प्रक्रिया अघि बढाइसकेको छ। 'हामी तोकेकै मितिमा महाधिवेशन गर्न चाहन्छौं। सबै पक्षलाई समेटेर एकता कायम गर्ने र विधानका परिधिभित्र रहेर पार्टीलाई संस्थागत तथा व्यवस्थित बनाउन चाहन्छौं,' सहमहामन्त्री डिला संग्रौलाले बताइन्। यद्यपि, इतर समूहले सानेपाबाट निर्णय भएर अघि बढेका महाधिवेशन प्रक्रियालाई अस्वीकार गर्दै राष्ट्रिय भेला आयोजना गरेर देउवालाई नै पार्टी सभापति भएको सन्देश दिएका छन्।

बिहीबार सिंगापुरबाट नेपाल आएका देउवालाई चुनदेवीस्थित सम्पर्क कार्यालयमा सभापतिकै हैसियतमा राखेको यो समूहले शुक्रबारको औपचारिक कार्यक्रममा पार्टी सभापतिकै रूपमा सम्बोधन गऱ्यो। सुकेधारास्थित मिराकल पार्टी भेन्युमा राष्ट्रिय भेलालाई देउवाले पार्टी सभापतिको हैसियतमा प्रमुख अतिथि बनेर उद्घाटन गरे। भेला आयोजक समितिका संयोजक डा.शशांक कोइरालाले देउवा नै सभापति भएको र उनकै नेतृत्वमा १५ महाधिवेशन हुने दाबी गरेका हुन्। तर, संस्थापन पक्षले भने यो घटनालाई राजनीतिक नैतिकताको प्रश्न उठाएको छ। पार्टी प्रवक्ता देवराज चालिसेले पार्टीको विधान, निर्वाचन आयोग, अदालत सबैले विशेष महाधिवेशनलाई मान्यता दिएर आमनिर्वाचनमा गइसकेको अवस्थामा स्वघोषित सभापति बन्नु राजनीतिक नैतिकता नभएको बताए। उनले भने, 'तत्कालीन सभापति देउवा र सो समूहका नेताहरूले समेत थापालाई सभापति स्वीकार गरेर चुनाव लडे, फेरि देउवालाई सभापति भन्नु र देउवा स्वयंसमेतले आफैंलाई सभापति घोषणा गर्नु लज्जास्पद हो। यो राजनीतिक नैतिकता र कानुन पालनाको प्रश्न पनि हो।'

**ब्याक...**

काठमाडौंको अनुमति लिएरै काठमाडौंमा लामाको जन्मोत्सव मनाइयो। त्यसप्रति पनि चीनको गुनासो रह्यो। पछिल्लो समय सरकारले एक रुपैयाँको सिक्कामा नेपालको नक्सा हटाएर मुस्ताङस्थित लो घेकेर गुम्बा राख्ने तयारी गरेको थियो। सो गुम्बा अमेरिकी सहयोगमा मर्मत गरिएको थियो। नेपालको नक्सा हटाउने प्रस्तावको त्यसै विरोध भइरहेको थियो, त्यसमाथि चिनियाँ चासो बढेपछि सरकार पछि हट्यो।

अर्को, काठमाडौं विश्वविद्यालयअन्तर्गतको हिमालय सेन्टर फर एसियन स्टडिज सेन्टर फर बुद्धिस्ट स्टडिजसमेत संलग्न तिब्बती अध्ययन सम्मेलनप्रति पनि चीनले आपत्ति जनायो। भदौ ७ देखि १३ सम्म हुने सो सम्मेलन सरकारले स्थगित गरायो। इन्टरनेसनल एसोसिएसन फर तिब्बेतेन स्टडिज (आएटिएस) भर्जुअल माध्यमबाट सम्मेलन गर्ने भयो।

प्रधानमन्त्री शाहको प्रारम्भिक निर्णय र अहिले भइरहेको युटर्नले कूटनीतिक वृत्तमा बहस चलेको छ। विदेशी राजदूतसँग व्यक्तिगत भेट नगरी सामूहिक भेट गर्नु आफैंमा गलत कूटनीतिक अभ्यास थिएन। प्रधानमन्त्रीले सबै देशलाई समान व्यवहार गर्ने र परराष्ट्र सम्बन्धलाई संस्थागत प्रक्रियामार्फत अघि बढाउने उद्देश्य राखेका हुन् भने त्यो प्रशंसायोग्य थियो। तर, कूटनीतिमा संवाद रोक्नु र प्रोटोकल कायम गर्नु फरक कुरा हुन्। प्रधानमन्त्री र विदेशी राजदूतबीच आपसी हितका निम्ति नियमित संवाद आवश्यक हुन्छ। छिमेकी मुलुकका सरकार प्रमुखले पठाएको सन्देश बुझ्न, द्विपक्षीय समस्या राख्न र आपसी समझदारी बढाउन प्रत्यक्ष राजनीतिक संवादको विकल्प पनि हुँदैन। यो सबै बुझेर प्रधानमन्त्री शाहले महसुस गरेका हुन् भने पछिल्लो कदमलाई कमजोरीभन्दा व्यावहारिक सुधारका रूपमा लिन सकिन्छ।

नेपालको विदेश नीति भारत वा चीनमध्ये कुनै एकलाई रोज्ने विषय होइन। दुवै छिमेकीसँग सन्तुलित र राष्ट्रिय हितमा आधारित सम्बन्ध कायम गर्नु राष्ट्रको हितमा छ। भारतसँग ऊर्जा, व्यापार, पारवहन, सीमा र श्रमलगायत विषय जोडिएका छन्। चीनसँग पूर्वाधार, व्यापार, पर्यटन, कनेक्टिभिटीलगायत सरोकार छन्। त्यसैले प्रधानमन्त्रीको कूटनीतिक शैलीमा 'ब्याक गियर' लगाए पनि त्यो व्यावहारिक बाटो हो। बालेन साँच्चिकै ब्याक गियरमा हिँडेका हुन् वा कूटनीतिक बाटो सच्याएर रणनीतिक चाल मात्र चालेका हुन्, त्यो भने उनका आगामी निर्णयले देखाउनेछ।

**मुद्दा फिर्ता...**

लागि प्रधानमन्त्री कार्यालयका सहसचिवको संयोजकत्वमा समिति गठन भएको हो। जसमा गृह मन्त्रालय, अर्थ मन्त्रालयसमेतका सातवटा मन्त्रालयका उपसचिव प्रतिनिधि सदस्य छन्।

जेनजी सहिद परिवार कल्याणकारी समाज, घाइते जेनजी नेपालका प्रतिनिधि तथा प्रधानमन्त्री कार्यालयका प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कूटनीतिक मामिला शाखा प्रमुख सदस्य सचिव रहेका छन्। जेनजी सम्झौता तथा एकीकृत प्याकेज कार्यान्वयन समन्वय एवं सहजीकरण समितिले कार्यप्रारम्भ गरिसकेको छ। नेपाल सरकार वादी भई चलाइएका मुद्दा फिर्ता लिन मिल्ने/नमिल्ने विषयमा अध्ययन गरेर यही समितिले सरकारलाई सिफारिस गर्नेछ।

गृहमन्त्री सुधन गुरुङका अनुसार फौजदारी मुद्दा फिर्ता लिनेसम्बन्धी निर्देशिका, २०६३को दफा ८ अनुसार यो समिति गठन गरिएको हो। यही समितिको सिफारिसका आधारमा आन्दोलनमा सहभागी भएकै कारण निर्दोष युवाहरू थुनामा परेको भए त्यस्ता मुद्दामा छुट दिने तयारी सरकारको छ। तर, जघन्य अपराधमा संलग्न व्यक्तिको हकमा भने मुद्दा फिर्ता नहुने गृहमन्त्री गुरुङले बताएका छन्।

उनले प्रतिनिधिसभाअन्तर्गतको कानुन न्याय तथा मानव अधिकार समितिको बैठकमा भनेका छन्, 'जघन्य अपराधमा संलग्नले छुट पाउँदैनन्। तर, आन्दोलनमा सहभागी भएकै कारण निर्दोष युवाहरू थुनामा परेको भए छुट्नेछन्।'

अर्थात्, सरकारले मुद्दा फिर्ताका लागि समिति बनाए पनि तत्काल मुद्दा फिर्ता हुने छैन। यसबारे गठित समितिले आन्दोलनका क्रममा दर्ता भएका मुद्दाको संख्या, मुद्दाको प्रकृति, अभियोग लागेका व्यक्तिको अवस्था र मुद्दा फिर्ता गर्न सकिने कानुनी आधारबारे अध्ययन गर्नेछ।

गृहसचिव राजकुमार श्रेष्ठका अनुसार समितिले प्रतिवेदन दिएपछि मात्रै सरकारले मुद्दा फिर्तालगायत विषयमा निर्णय गर्न सक्नेछ। 'कति मुद्दा छन्, कस्तो अवस्थामा छन् र कसरी मुद्दा फिर्ता हुन सक्छ भनेर प्रतिवेदन तयार भएर सिफारिस भएपछि उक्त सिफारिसका आधारमा निर्णय हुन्छ,' उनले संसदीय समितिको बैठकमा भने।

गत वर्ष भदौ २३ र २४ गते जेनजी आन्दोलन भएको थियो। आन्दोलनका क्रममा आगजनी र तोडफोड समेत भएको थियो। आगजनी र तोडफोडमा संलग्न युवाहरू पक्राउ परेका छन्।

कानुनमन्त्री सोविता गौतमले जेनजी आन्दोलनमा सहभागी भएकै कारण मुद्दा लागेका र आन्दोलनको मौका छोपेर आपराधिक गतिविधिमा संलग्न भएकाहरूलाई एउटै डालोमा राखेर हेर्न नहुने बताउँछिन्। उनका अनुसार मुद्दा फिर्ताका लागि बनेको समितिले यही विषयमा अध्ययन गर्नेछ। आन्दोलनमा उपस्थित भएका कारण मात्रै मुद्दा चलाइएको हो कि आन्दोलनको फाइदा उठाएर गलत काममा संलग्न व्यक्तिमाथि मुद्दा चलेको हो भन्ने छुट्याइने उनले बताइन्।

'मुद्दा फिर्ताभन्दा पनि त्यो समितिले अध्ययन गर्छ। त्यो समितिले साँच्चिकै जेनजी आन्दोलनमा उपस्थित भएको, सिसिटिभीमा देखिएको मात्रै साथीलाई मुद्दा लागेको छ कि अथवा जेनजी आन्दोलनको फाइदा उठाएर गलत काम गरिरहेका मान्छेहरू पनि थिए, उनीहरूलाई मुद्दा लागेको छ, यो छुट्टिन्छ,' गौतमले भनेकी छन्।

उनले जेनजी आन्दोलनलाई सरकारले जनआन्दोलनका रूपमा स्वीकार गरिसकेको बताउँदै आन्दोलनपछि सरकार र जेनजी प्रतिनिधिबीच भएको सम्झौतालाई राजनीतिक सहमतिको रूपमा ग्रहण गर्न पनि आग्रह गरेकी छन्।

जेनजी युवा र नेपाल सरकारबीच २०८२ मंसिर २५ गते भएको राजनीतिक सहमतिका आधारमा सरकार अघि बढिरहेको भन्दै उनले उक्त सम्झौतालाई राजनीतिक दस्तावेजका रूपमा ग्रहण गरेर समाजलाई शान्तिपूर्ण बाटोमा लैजानुपर्ने बताएकी छन्। सरकारले यसबारे जानकारी दिनुअघि संसदीय समितिमा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले जेनजी आन्दोलनमा सहभागी भएकै कारण थुनामा परेको भनेर सरकारको ध्यानाकर्षण गराएका थिए।

रास्वपाकी सांसद अपसना बानुले आन्दोलनमा सहभागी भएका युवा थुनामा रहेको विषयले आफूलाई मानसिक रूपमा समेत प्रभावित बनाएको बताइन्। सांसदहरूमाथि थुनामा रहेका युवालाई छुटाउन दबाब आउने गरेको उल्लेख गर्दै उनले आफू निरास भएको भन्दै सरकारको ध्यानाकर्षण गराएकी हुन्। 'म यो कुराले एन्जाइटीमा परेको छु। मैले धेरै दिनसम्म ब्रेक लिनुपरेको छ। मलाई मानसिक तनाव धेरै बढेको थियो,' उनले भनेकी छिन्, 'युवाहरूलाई निकाल्न नसक्नुमा मलाई यत्तिकै मन दुखिरहेको छ।'

रास्वपाकै सांसद मनीष खनालले मुद्दा फिर्ता गर्दा भविष्यमा कानुनी जटिलता उत्पन्न नहुने गरी निर्णय गर्न सरकारलाई सुझाएका छन्। 'मुद्दा फिर्ता लिँदा भोलि पुनरावेदन हुन सक्छ। सर्वोच्चले व्याख्या गर्न सक्छ,' खनालले सरकारलाई भनेका छन्, 'भविष्यमा के हुन्छ विचार गरेर परिपक्व निर्णय गरौं।'

सांसद रचना खतिवडा क्षेत्रीले जेनजी आन्दोलनमा सहभागी भएकै कारण २७ जना विभिन्न कसुरमा जेलमा रहेको दाबी गर्दै उनीहरूलाई तत्काल बाहिर ल्याउन माग गरेकी थिइन्। जवाफमा सरकारले जेनजी आन्दोलनका क्रममा पक्राउ परेका तथा विभिन्न फौजदारी मुद्दामा थुनामा रहेका व्यक्तिको मुद्दा फिर्ता लिने तयारी अगाडि बढेको जानकारी दिएको हो। तर, समितिमा रहेका सदस्यहरू अध्ययनको समय र मुद्दा फिर्ताको समयावधि आदिमा सरकार मौन रहेको छ।

**फ्रि भिसा...**

राख्नुपर्ने माग गरे। संघले १५ बुँदे माग उठाएर राज्यविरोधी लडाइँ गरेको नभई वैदेशिक रोजगार पेशालाई सम्मानित गराउने उद्देश्य राखेको उनले बताए।

वैदेशिक रोजगार ऐन, २०६४ भित्रका नीतिगत त्रुटि समाधानका लागि सम्बन्धित मन्त्रालय पुगेको सकारात्मक अवस्था भए पनि ऐनको दफा २४ अनुसार मन्त्रीले पारदर्शिताका आधारमा लागत शुल्क तोक्ने व्यवस्था भएकाले संघले जोडदार रूपमा उक्त माग अघि बढाएको उनले बताए। सेवाग्राहीलाई न्याय हुने गरी माग सम्बोधन गरिनुपर्ने उनको भनाइ छ।

मञ्चका संस्थापक अध्यक्ष सरोज पोखरेलले प्रगतिशील मञ्चले अगाडि सारेका उम्मेदवारले संघको नेतृत्व गरेको र संघको नेतृत्व व्यवसायीका समस्या समाधानका लागि प्रतिबद्ध रहेकाले मञ्चको नयाँ नेतृत्व संघको सहयोगी हुनुपर्ने बताए।

संघका पूर्वअध्यक्ष तथा सल्लाहकार राजेन्द्र भण्डारीले राष्ट्रिय अर्थतन्त्रमा वैदेशिक रोजगार क्षेत्रको महत्व उच्च रहेको, तर सरकारले अनुदार नीति लिएका कारण व्यवसायी प्रताडित हुनुपर्ने वर्तमान अवस्थाको अन्त्य गर्न व्यवसायी एकजुट हुनुपर्ने बताए।

साधारणसभालाई उद्योग व्यवसायी राष्ट्रिय महासंघका उपाध्यक्ष तथा मञ्चका इन्चार्ज सुवर्ण श्रेष्ठलगायतले सम्बोधन गर्दै शुभकामना व्यक्त गरे। जनक रावलको अध्यक्षतामा भएको उद्घाटन सभामा उपमहासचिव दण्डपाणि भट्टराई 'दिलीप'ले स्वागत मन्तव्य राखेका थिए।

कार्यक्रममा मध्यान्ह दैनिकलगायतका सञ्चारमाध्यमलाई मायाको चिनो प्रदान गरिएको थियो। कार्यक्रममा टंक राउत, लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष रामप्रसाद गैरे, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीलगायतको उपस्थिति रहेको थियो।

**प्रगतिशीलको...**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व तृतीय उपाध्यक्ष वैकुण्ठ पौडेल 'वैभव'को उम्मेदवारी परेको छ।

मञ्चका पूर्वउपाध्यक्ष मुक्तिनाथ अधिकारी र उपाध्यक्ष दलवीर भण्डारीले पनि उम्मेदवारी दिने घोषणा गरे पनि शुक्रबार निर्धारित समयमा उम्मेदवारी दर्ता गराएनन्।

उपाध्यक्षमा मदन पौडेल तथा महासचिवमा वर्तमान सचिव राजेन्द्र अधिकारी र सोमबहादुर तामाङको उम्मेदवारी दर्ता भएको भए पनि सहमति गर्ने भन्दै उम्मेदवारको नाम सार्वजनिक नगरिएको बताइएको छ।

# दुईदिने बिदाले पनि रोकिएन 'बुक फ्रि फ्राइडे'

'बुक फ्रि फ्राइडे' कार्यक्रमलाई निरन्तरता दिँदै अझ प्रभावकारी रूपमा सञ्चालन गर्छौं, यसले बालबालिकाको सिकाइ उपलब्धिमा सकारात्मक सुधार ल्याएको छ । दुई दिन बिदाले कुनै असर पार्दैन ।'

**नमराज ढकाल**
विभागीय प्रमुख
शिक्षा विभाग, काठमाडौं महानगरपालिका

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २९ साउन

रामशाह पथस्थित पद्मोदय माध्यमिक विद्यालयका छात्रछात्रा यतिबेला खुशी छन्। कारण हो- शैक्षिक सत्र सुरु भएदेखि नै अन्योलमा रहेको 'बुक फ्रि फ्राइडे' कार्यक्रम पुनः सञ्चालन हुनु। विद्यालयमा कक्षा ७ मा अध्ययनरत आयसा खातुनले 'बुक फ्रि फ्राइडे'का लागि गीत गाउने इच्छा रहेको भन्दै नाम दर्ता गराइसकेकी छन्। उनी गत वर्ष पनि कार्यक्रममा सहभागी भएकी थिइन्।

उनी भन्छिन्, 'बुक फ्रि फ्राइडे कार्यक्रम राम्रो छ, हामीले आफूलाई मन लागेको क्रियाकलाप गर्न पाउँछौं।' उनलाई गीत गाउन मन पर्छ। उनी गीत गाउने समूहमा आफ्नो नाम सुरक्षित गरेर खुशी भएकी छन्। 'अहिले हाम्रो विद्यालयको परीक्षा चलिरहेको छ, परीक्षा सकिएपछि गत वर्षको जस्तै पुनः विद्यालयमा अतिरिक्त कार्यक्रमहरू हुन्छन्', उनले खुशी हुँदै भनिन्। उनीसँगै पढ्ने अप्सरा खातुन र सन्ध्या आहुँजाले आफूले चाहेको सीप सिक्नका लागि समूह छनोट गरिरहेका छन्।

जनविकास माध्यमिक विद्यालयका प्रधानाध्यापक अनिलकुमार झा विद्यार्थीहरूको अतिरिक्त क्रियाकलापका लागि समूह बनाउँदै छन्। विद्यालयमा अध्ययनरत छात्रछात्रालाई रुचि भएका विभिन्न आठ समूह बनाउँदै उनीहरूलाई अतिरिक्त क्रियाकलापका लागि सम्बन्धित प्रशिक्षकको समेत व्यवस्था गरिँदै छ।

'प्रत्येक शुक्रबार विद्यालयमा पुनः हुने अतिरिक्त कार्यक्रमले विद्यार्थी हौसिएका छन्,' उनले भने, 'यो कार्यक्रमले विद्यार्थीहरूको भविष्य निर्माणका लागि सहयोग पुग्छ।' विगतमा सञ्चालन भएको 'बुक फ्रि फ्राइडे' कार्यक्रमले विद्यार्थीहरूलाई व्यावसायिक भएर आत्मनिर्भर बन्नसमेत सहयोग गरेको उनले बताए।

काठमाडौं महानगरपालिकाले विद्यालयमा सञ्चालन गरेको पुस्तकरहित शुक्रबार कार्यक्रमलाई पुनः निरन्तरता दिने भएको छ। सरकारको शनिबार र आइतबार दुई दिने बिदाका कारण अन्योलमा रहेको 'बुक फ्रि फ्राइडे' कार्यक्रमलाई निरन्तरता दिने महानगरपालिकाले जनाएको छ। महानगरपालिकाको शिक्षा विभागले पुस्तकरहित शुक्रबार कार्यक्रमको समीक्षा गर्दै विद्यार्थीहरूमा गहन सोच्ने क्षमताको विकास, रचनात्मकता वृद्धि, सञ्चार तथा सहकार्यको अभ्यासमा उत्प्रेरणा बढाएको र कार्यक्रम नतिजामुखी रहेको पृष्ठपोषण आएपछि आगामी कार्यक्रमको तयारी थालेको हो।

त्यसका लागि शिक्षा विभागले महानगरमा रहेका सबै सामुदायिक विद्यालयलाई अतिरिक्त क्रियाकलापका लागि विद्यार्थीहरूको रुचिसहितको समूह बनाउन निर्देशनसमेत दिइसकेको छ। 'बुक फ्रि फ्राइडे' कार्यक्रमलाई निरन्तरता दिँदै अझ प्रभावकारी रूपमा सञ्चालन गर्ने शिक्षा विभागका विभागीय प्रमुख नमराज ढकाल बताउँछन्। त्यसका लागि १३ करोडभन्दा बढी बजेटसमेत छुट्याइएको छ। 'सिर्जनात्मक सीपअन्तर्गत ९ वटा, सीपअन्तर्गत ५ वटा कार्यक्रम सञ्चालन हुन्छन्,' उनले भने, 'सबै विद्यालयमा कार्यक्रमलाई निरन्तरता दिन्छौं।'

दुई दिन बिदाले 'बुक फ्रि फ्राइडे'लाई कुनै असर नपार्ने उनले बताए। 'महानगरले शैक्षिक क्यालेन्डरमा बुक फ्रि फ्राइडेलाई निरन्तरता दिएको छ,' उनले भने, 'यसले बालबालिकाको सिकाइ उपलब्धिमा सकारात्मक सुधार ल्याएको छ। त्यसैले निरन्तरता दिइएको हो।'

प्रधानमन्त्री एवं तत्कालीन मेयर बालेन्द्र शाहको चुनावी घोषणापत्रमा हप्तामा एक दिन सामुदायिक विद्यालयमा सीप, उद्यमशीलता, खेलकुद, संगीत, कला तथा नेतृत्व विकासका लागि प्रशिक्षण कार्यक्रमको व्यवस्था गरिने उल्लेख गरिएको थियो। सोही घोषणाअनुरूप महानगरका सबै सामुदायिक विद्यालयमा 'बुक फ्रि फ्राइडे' कार्यक्रम सञ्चालन भइरहेको छ।

महानगरपालिकाले सामुदायिक विद्यालयका कक्षा ४ देखि ८ सम्म सिर्जनात्मक सिकाइ र कक्षा ९ र १० मा शिक्षामा सीप कार्यक्रम सञ्चालन गरिरहेको छ। विद्यार्थीहरूको संख्या र रुची, विद्यालयको परिवेश, शिक्षक, प्रधानाध्यापक तथा सम्बन्धित सरोकारवालाको सुझावका आधारमा विषय र उपसमूह निर्धारण गरिएका छन्।

शिक्षा नियमावली, २०५९ ले विद्यार्थीको सिर्जनात्मक प्रतिभाको विकासका लागि शुक्रबारको दैनिक पठनपाठनको कार्य समाप्त भएपछि चित्रकला, हस्तकला, वाद्यवादन, नृत्य, नाटक, वक्तृत्वकला, हाजिरीजवाफ, हिज्जे तथा साहित्यिक क्रियाकलाप गर्नुपर्ने व्यवस्थासमेत गरेको छ। विद्यालयले कक्षा १ देखि ३ सम्मका बालबालिकाका लागि ८३२ घण्टा, कक्षा ४ देखि ८ सम्मका लागि १ हजार २४ घण्टा र कक्षा ९ र १० का लागि १ हजार १८४ घण्टा कक्षा सञ्चालन गर्नुपर्छ।

गत वर्ष सिर्जनात्मक सिकाइअन्तर्गत २३ वटा विषयमा ७०५ वटा उपसमूहमा क्रियाकलाप सञ्चालन भएका थिए। स्काउट, वातावरण, व्यक्तित्व विकास, स्टीम, उद्यमशील सोच, पठन संस्कार, योग तथा ध्यान, विपद् व्यवस्थापन, भित्ते चित्र (म्युरल आर्ट), कोडिङ, संस्कृति तथा सम्पदा, चलचित्रको दृष्टिकोणबाट सिकाइ, हस्तकला, अबाकस, कथावाचन, नृत्य, गायन, बाँसुरी, मादल, धिमे, धाः बाजा, डम्फु तथा नाट्यलगायतका समूह बनाएर अतिरिक्त क्रियाकलाप गरिँदै आएका थिए।

त्यसैगरी शिक्षामा सीपतर्फ १० वटा विषयमा तालिम दिइएको थियो। ब्युटिसियन एन्ड हेयर स्टाइल, चित्रकला तथा मूर्तिकला, कार्पेन्ट्री एन्ड उड कार्भिङ, प्लम्बिङ, इन्डिजिनस एन्ड कन्टेम्पोररी मेसिनरी-डिजास्टर रेडिनेस, हाउस वायरिङ, मोबाइल एन्ड इलेक्ट्रोनिक्स, कुलिनरी आर्टस्, एग्रीकल्चर एन्ड अर्बन फार्मिङ तथा फेसन डिजाइन एन्ड टेलरिङ विषयमा विद्यार्थीलाई सीपमूलक तालिम प्रदान गरिएको थियो।

# लालबकैयाको कटानले पिप्रा भगवानपुर उच्च जोखिममा

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ साउन

अविरल वर्षा र नदीमा जलसतहको वृद्धिले रौतहटको राजपुर नगरपालिका-१ स्थित पिप्रा भगवानपुर क्षेत्रमा लालबकैया नदीले कटान तीव्र पारेपछि सिंगो बस्ती र खेतीयोग्य जमिन उच्च जोखिममा परेको छ। मुख्य सुरक्षा बाँध नै भत्किन थालेपछि स्थानीयवासी सम्भावित बाढी र डुबानको भयका बीच रात बिताउन बाध्य भएका छन्।

नदीको बहाव बस्तीतर्फ मोडिने खतरा बढेसँगै सयौं घरधुरी र ठूलो परिमाणको उब्जाउ जमिन जोखिममा परेका छन्। मनसुन पूर्व नै अपनाउनुपर्ने सतर्कता र विपद् व्यवस्थापन पूर्वतयारीमा राजपुर नगरपालिकाले बेवास्ता गरेको स्थानीयको गम्भीर आरोप छ।

गृह मन्त्रालय तथा नेपाल सरकारले विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक प्राविधिक टोली, जैविक तटबन्ध तथा ग्याबियन जालीसहितका सामग्री पूर्वतयारी अवस्थामा राख्न पटक-पटक निर्देशन दिए पनि नगरपालिकाले समयमै चासो नदेखाएको सर्वसाधारणको भनाइ छ।

मनसुन सुरु हुनु अगावै विपद् व्यवस्थापन कोषको सदुपयोग गरी दीर्घकालीन वा अल्पकालीन रोकथामका उपाय नलगाइएकाले अहिले सङ्कटकालीन स्थिति पैदा भएको स्थानीयवासीले बताए।

बाँध कटानको गम्भीर परिस्थिति सिर्जना भएपछि राजपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष शेख अमिरुल्लाह आफैं मैदानमा खटिएका छन्। वडाध्यक्ष अमिरुल्लाहको निरन्तर ताकेता र पहलपछि जलस्रोत तथा सिँचाइ विभाग एवं प्राविधिक टोली नियन्त्रण सामग्रीहरूसहित मर्मत कार्यमा जुटेको छ।

वडाध्यक्ष अमिरुल्लाहले यसअघि पूर्व सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतको कार्यकालमा समेत जलस्रोत तथा सिँचाइ विभाग र मन्त्रालयमा धाएर कटान नियन्त्रणका लागि पहल गरेका थिए। सोही प्रयासस्वरूप करिब ६ महिना अगाडि लालबकैया नदीमा स्पर बाँधको मर्मत सम्पन्न भएको थियो।

अहिले पुनः नदीमा पानीको बहाव बढेर सुरक्षा बाँधमा क्षति पुग्न थालेपछि प्राविधिक टोलीलाई बालुवाका बोरा, ग्याबियन जाली तथा ठूला ढुंगा (बोल्डर) सहित परिचालन गरी युद्धस्तरमा काम अगाडि बढाइएको छ।

वडाध्यक्ष शेखले गाउँ र जनताको जिउधनको सुरक्षा गर्नु हाम्रो पहिलो दाय दायित्व हो। जनताको सुरक्षा र वडाको समग्र विकासका लागि मेरो पहल र उपस्थिति निरन्तर रहने बताए।

**दीर्घकालीन समाधानका लागि माग**

सुरुमा स्थानीय तहको ढिलासुस्तीप्रति आक्रोश व्यक्त गरे पनि जनप्रतिनिधि स्वयं रातदिन खटिएर कटान रोक्न ठोस कदम चालेपछि पिप्रा भगवानपुरवासीले केही राहत महसुस गरेका छन्।

तथापि लालबकैया नदीको कटान र बाढी रौतहटका लागि बर्सेनि दोहोरिने समस्या भएकाले तत्कालीन मर्मतसँगै दीर्घकालीन तटबन्ध निर्माणका लागि राजपुर नगरपालिका र जिल्ला विपद् व्यवस्थापन समिति रौतहटले गम्भीर बनेर ठोस योजना अघि बढाउनुपर्ने स्थानीयको माग रहेको छ।

# छिपहरमाई गाउँपालिकाको झन्डै ३६ करोडको बजेट पारित

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २९ साउन

छिपहरमाई गाउँपालिकाको २३औं गाउँसभाले आर्थिक वर्ष २०८३/०८४ का लागि ३५ करोड ९८ लाख रुपैयाँको बजेट पारित गरेको छ।

गाउँपालिका अध्यक्ष मनोजकुमार गुप्ताले प्रस्तुत गरेको बजेटमा शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, विपद् व्यवस्थापन, युवा रोजगारी, भौतिक पूर्वाधार र पर्यटन प्रवर्धनलाई प्राथमिकता दिइएको छ।

बजेटमा नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान १३ करोड ६५ लाख, वित्तीय समानीकरण १० करोड ४५ लाख ५४ हजार, राजस्व बाँडफाँड ९ करोड ११ लाख ३८ हजार, आन्तरिक आय २ करोड १ लाख ८ हजार र अन्य अनुदानसमेत समावेश गरिएको छ। अध्यक्ष गुप्ताले गाउँपालिकाका प्रत्येक वडामा बर्थिङ सेन्टर सञ्चालनमा रहेको, विद्यालयमा कक्षा १२ सम्म निःशुल्क शिक्षा तथा प्राविधिक शिक्षा सञ्चालन गरी एमबिबिएस चिकित्सकको व्यवस्था गर्ने बताए।

भइरहेको जानकारी दिँदै १० शय्याको अस्पताल निर्माण

# मोतीजयन्ती : राष्ट्रिय गजल दिवस मनाइँदै

**काठमाडौं/मस-**
नेपाली गजलका आदिगजलकार मोतीराम भट्टको जन्मजयन्तीका दिन हरेक वर्ष भाद्र कुशेऔंसीका दिन 'राष्ट्रिय गजल दिवस'का रूपमा मनाइने भएको छ। नेपाल प्रज्ञाप्रतिष्ठानको प्राज्ञ परिषद्को साउन २८ गते बसेको पहिलो बैठकमा उक्त निर्णय भएको हो।

प्रस्ताव नं. २ मा 'मोती जयन्ती मनाउने सम्बन्धमा'अन्तर्गत 'हरेक वर्ष मोतीजयन्ती (कुशेऔंसी)लाई राष्ट्रिय गजल दिवसका रूपमा मनाउने निर्णय गरियो' उल्लेख छ। गजल अभियन्ता तथा अन्तर्राष्ट्रिय नेपाली गजल मञ्चका अध्यक्ष घनेन्द्र ओझाले राष्ट्रिय विभूति आदिगजलकार मोतीराम भट्टको सम्मान तथा हजारौं स्रष्टाको प्रिय विधा गजलको उत्थान र सम्मानका लागि मोतीजयन्तीलाई 'राष्ट्रिय गजल दिवस' घोषणा गर्न माग गर्दै आएका थिए।

'प्रतिष्ठानले धेरै पहिले यो काम गर्नुपर्थ्यो, अहिले काम भयो', उनले भने, 'यसबाट मोतीराम, नेपाली गजल र समग्र गजलकारको सम्मान भएको छ, प्रतिष्ठान स्वयं पनि सम्मानित भएको छ।'

प्रतिष्ठानदुवारा जारी विज्ञप्तिअनुसार उक्त बैठकले परिषद् सदस्यहरूको विभागीय कार्य विभाजन पनि गरेको छ। यसअनुसार उपकुलपति अविनाश श्रेष्ठ गद्य तथा प्रकाशन, सदस्य सचिव डा. रोशन शेरचन दर्शन, प्रतिसरा सायमि लोकसाहित्य तथा नारी लेखन, डा. कृष्णराज सर्वहारी सामाजिक शास्त्र तथा इतिहास, सीता तुम्खेवा मातृभाषा तथा लिपि, तीर्थ गुरुङ अनुवाद, मौखिक इतिहास तथा अन्तर्राष्ट्रिय सम्बन्ध, रूपा झा धीरू बाल तथा किशोर साहित्य, नवीन अभिलाषी दलित साहित्य, युवा लेखन तथा डिजिटलाईजेसन, दीपक सापकोटा काव्य, संस्कृति तथा डिजिटलाईजेसन र प्रा.डा.दुर्गाबहादुर घर्तीले समालोचना, भाषा, व्याकरण तथा कोश विभागको जिम्मेवारी पाएका छन्।

प्रस्ताव ३ मा सुदूरपश्चिम प्रज्ञाप्रतिष्ठानलगायत सम्बन्धित सरोकारवाला संघसंस्थाहरूसँग सहकार्य गरी मंसिर महिनाभित्र २ दिने सुदूरपश्चिम प्रदेशस्तरीय साहित्य महोत्सव आयोजना गर्ने निर्णय गरिएको छ।

# नौ वर्षपछि परोहा नगरपालिकाले पायो आफ्नै प्रशासनिक भवन

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २९ साउन

रौतहटको परोहा नगरपालिकाको नवनिर्मित प्रशासनिक भवन उद्घाटन गरिएको छ। नगर प्रमुख शेख वकिलले शुक्रबार आयोजित एक समारोहबीच भवनको उद्घाटन गर्नुभएको हो। स्थानीय तहको संरचना कायम भएको नौ वर्षपछि नगरवासीले आफ्नै नवनिर्मित प्रशासनिक भवनबाट सेवा लिन पाउने भएका छन्।

नगर प्रमुख वकिलले उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै नागरिकको काम छिटोछरितो र झन्झटरहित बनाउन भौतिक पूर्वाधारको पनि योगदान रहने भएकाले नवनिर्मित प्रशासनिक भवनबाट सेवाग्राहीलाई लाभ मिल्ने बताए। अझै पनि कतिपय पालिकाको प्रशासनिक भवन नरहेको बताउँदै आफू नगर प्रमुख भएको नौ वर्षमा यस पालिकाका ५० हजार जनताको सहयोगमा पालिकाले आफ्नै प्रशासनिक भवन पाएको बताए। नौ वर्षको अवधिमा नगर अस्पताल, कृषि भवन, प्रशासनिक भवन, जिगडवादेखि नरकटियासम्मको कालोपत्र तथा

सम्पूर्ण बाटो भएर नगरपालिका पुग्ने सडक लगायतका कार्यमा नगरपालिकाले फड्को मारेको बताउँदै उनले भौतिक पूर्वाधारसँगै शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रमा सकारात्मक परिवर्तनका लागि आफूले कुनै कसर बाँकी नराखेको नगर प्रमुख वकिलले बताए। नगरपालिकाको वडा नं. ४ लौकाहामा १२ करोड ५४ लाख ७१ हजार ४ सय ७० रुपैयाँको लागतमा ब्याराइट, कस्टमन्डप, काली जेबीले प्रशासकीय भवन निर्माण सम्पन्न गरेको हो।

चारतले प्रशासनिक भवनमा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतका कार्यकक्षसहित सुविधा सम्पन्न हल, कार्यपालिकाका लागि छुट्टै हल, न्यायिक समितिको इजलास तथा अन्य विभिन्न शाखा-प्रशाखाहरू रहेका छन्।

नगरपालिकाका इन्जिनियर दिपेन्द्र यादवका अनुसार नवनिर्मित भवनबाट नगरपालिकाका प्रशासनिक सेवा तथा विभिन्न शाखाका काम व्यवस्थित रूपमा सञ्चालन गर्न सहज हुनेछ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०४/३०**

मिति २०८१/०३/३० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **साल्मा एच.आर. डेभलपमेन्ट एण्ड सर्भिसेज प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **साल्मा स्किल ट्रेनिङ इन्स्टिच्युट प्रा. लि (प्रा. लि. नं.: १७३७३५)** कायम गर्ने गरी मिति २०८३/०३/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड**
लैनचौर-२६, काठमाण्डौं, फोन : ०१-४५२४४६५
Email : info@hathwaynepal.com.np, Website: https://www.hathwaynepal.com.np

**लक-ईन (LOCK IN) अवधि समाप्त हुने सम्बन्धी सूचना**

हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेडका संस्थापक, तथा कम्पनीका कर्मचारीहरुको स्वामित्वमा रहेको शेयर सर्वसाधारणलाई मिति २०८०/०६/०२ गते शेयर बाँडफाँड गरिएको मितिले तीन वर्ष सम्म लक-ईन मा राखीएकोले उक्त लक-ईन अवधि समाप्ती हुने हुँदा श्री नेपाल धितोपत्र बोर्डको पत्र सं. २०८०/०८१ को चलानी नं.१५२३ मिति २०८०/०८/२५ गतेको पत्र मार्फत निर्देशन जारी भएबमोजिम तपसिलमा उल्लेखित शेयरको मिति २०८३/०६/०२ गते पश्चात् लक-ईन अवधि समाप्त हुने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरु, नियमनकारी निकाय तथा सबै सरोकारवालाहरु लाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | शेयरको विवरण | लक-ईन अवधिमा रहेको कुल शेयर संख्या |
|---|---|---|
| १ | संस्थापकहरुको शेयर | २,०४,७५,००० कित्ता |
| २ | कर्मचारीहरुलाई सुरक्षित गरिएको शेयर | ५८,५०० कित्ता |
| | **जम्मा** | **२,०५,३३,५०० कित्ता** |

**नोट :** सञ्चालक तथा कम्पनीका उच्च व्यवस्थापकीय पदमा कार्यरत कर्मचारीहरुको हकमा नियमानुसार शेयर रोक्का रहने छ।

**शेयर रजिष्ट्रार**
**ग्लोबल आइएमई क्यापिटल लि.**
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-५९७०१३८, फ्याक्स : ९७७-०१-५४५७०२
E-mail : info@gicl.com.np, Website :www.globalimecapital.com

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०६/०३ मा दर्ता भएको **प्रा.लि. नं. ७६२४४** को **सैनामैना निर्माण एण्ड सप्लायर्स प्रा. लि.**को मिति २०८३/०४/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
**लिक्विडेटरः चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९**
**ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६१/०२/१२ मा दर्ता भएको **प्रा.लि. नं. २८४२०** को **शाङ्गिला रग्स एण्ड क्राफ्टस् प्रा. लि.**को मिति २०८३/०४/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
**लिक्विडेटरः चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९**
**ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०४/३०**

यस कम्पनीको मिति २०८३।०३।२३ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **वाउ डेभलपमेन्ट क्वालिटी एश्योरेन्स प्रा.लि. (दर्ता नं. २५२७२६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।२६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **लुसिन एआई प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८३/०४/३०**

यस कम्पनीको मिति २०८३।०४।१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **क्याफे सोसाईटी प्रा.लि. (दर्ता नं. ३०५५३३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।२९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **जिंक ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०३/२० मा दर्ता भएको **प्रा.लि. नं. २५४१५८** को **धरहरा वेलकम होटल प्रा. लि.**को मिति २०८३/०४/०१ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले यस कम्पनीलाई कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
**लिक्विडेटरः चन्द्रकला रेग्मी, इजाजतपत्र नं. ६६१, फोन नं. ९८४६४९६८८५**

सिनेमा

# माइतीघर
# एउटा फिल्मले बदलेको नाम

■ प्रकाश सायमी

*फिल्मको नाम थियो- भगवान्को लीला अपरम्पार । साहित्यकार शंकर लामिछानेले यो फिल्मको नाउँ 'माइतीघर' राखे हुन्छ भनिदिए । फिल्मको नाम माइतीघर भएपछि कार्यालयको नाम पनि माइतीघरको कार्यालय भयो ।*

काठमान्डुको मुदुमा एउटा सहर छ, जहाँ यसपालि पानी जमेर जात्रा भयो- माइतीघर मण्डला । पुरानो नाउँ माइतीघर मात्र हो, पूर्वमेयर केशव स्थापितले माइतीघर मण्डला बनाइदिए । अझै पुरानो नाउँ त 'फिब्वः ख्यः' हो ।

फिब्वः ख्यः कसरी माइतीघर बन्यो ? यसको रोचक कथा छ ।

फिब्वः ख्यः मा एउटा धान गोदाम थियो, त्यसलाई विक्रम संवत् २०२२ सालमा एक राणा परिवारले फिल्मको कार्यालय बनाइदियो । फिल्मको नाम थियो- भगवान्को लीला अपरम्पार । नाम लामो मानेर निर्मातामध्येका एक जनरल नन्दकिशोर तिमिल्सेना र फिल्मका नायक भानुप्रताप राणाले जनसेवा हलका पूर्वम्यानेजर एवं साहित्यकार शंकर लामिछानेलाई पूरै कथा पढ्न लगाए । यो धार्मिक नामको ठाउँमा के नाम राख्दा हुन्छ भनेर सोधेपछि ताहाचल निवासी लामिछानेले यो फिल्मको नाउँ 'माइतीघर' राखे हुन्छ भनिदिए ।

फिल्मको नाम माइतीघर भएपछि कार्यालयको नाम पनि माइतीघरको कार्यालय भयो । निर्देशक बिएस थापा पनि दंग भए ।

निर्देशक बिएस थापा त्यतिबेला भारतको मुम्बईमा अजन्ता आर्टस् नामक फिल्म कम्पनीमा निर्माता निर्देशक सुनील दत्तका सहायक तथा लेखक भएर काम गर्दै थिए । सुनील दत्तको क्याम्पमा थापाबाहेक, संगीतकार जय देव, प्रोडक्सन कन्ट्रोलर केवी लामिछाने आदि थिए । केवीको कथामा पछि सन्तान भन्ने फिल्म पनि बन्यो ।

बिएस थापालाई फिल्मका नायक भानुप्रताप राणाले नन्दकिशोरसित र नन्दकिशोरले नेपालका जनरल नरशमशेर राणा तथा डा.योगेन्द्र झासित परिचय गराइदिएका थिए । त्यसपछि फिल्ममा तत्कालीन राजा महेन्द्र गीतकारका रूपमा देखिए । महेन्द्रका साथमा प्रदीप रिमाल र किरण खरेल पनि आए । संगीतकारमा जयदेव र उनका सहायक मीनु पुरुषोत्तम पनि आवद्ध भए ।

विसं १९८० मा भारतको देहरादुनमा पिता नारायणसिंह थापा र माता लक्ष्मी थापाका कान्छा छोराका रूपमा जन्मेका भीमसिंह (बिएस) थापाले लखनउबाट राजनीतिशास्त्रमा एमए र कानुनमा एलएलबीसम्मको अध्ययन गरेका थिए । कानुनको अध्ययन गरेका कारण 'ये रास्ते प्यारकी' फिल्ममा उनले लेखेको कोर्ट सिन ड्रामा लोकप्रिय भइसकेको थियो ।

माइतीघर निर्माण हुने भएपछि उनलाई नायिका माला सिन्हादेखि नायक सुनील दत्त, राजेन्द्र नाथ, ओमप्रकाश सबैले सहयोग गर्ने भए । नेपाल आएर सुटिङ सुरु गरे । तर, नायकमा निर्माता नरशमशेरका भतिजा भानुप्रताप राणाले अभिनयको पारा नल्याएपछि उनले फिल्ममा गायक प्रेमध्वज प्रधानलाई नायक बन्न आग्रह गरे । माला सिन्हाले समेत मन पराएका ह्यान्डसम गायक प्रेमध्वज लजालु थिए । उनले अभिनय गर्न मानेनन्, बरु उनले अर्का गायक चिदम्बरप्रसाद लोहनीको नाउँ सिफारिस गरे । त्यसपछि चिदम्बरप्रसाद (सिपी) नायक भए । अर्थात्, गायक नायक बने । आमा फिल्ममा पनि गायक शिवशंकर नायक भएका थिए, त्योबेला ।

नायिका माला सिन्हा र नायक सिपी लोहनी दुवैलाई थापाथलीनजिकै कुरिया गाउँमा झाको घरमा अपार्टमेन्ट बनाइदिए- जहाँ अहिले एउटा कलेज छ । त्यही अपार्टमेन्टबाट माइतीघरका नायक-नायिकाको प्रेमकथा सुरु भयो । बिएस थापाले पनि भर्खरै सरस्वती थापासित विवाह गरेका थिए । उनको प्रेम अलि पुरानै थियो । माइतीघर बन्दाबन्दै थापाथलीको फिब्वः ख्यः को नाउँ माइतीघरमा परिणत भयो । भनिन्छ, माइतीघर फिल्म डेढ लाखमा सुरु भएर साढे तीन लाखमा पूरा भएको थियो ।

माइतीघर बन्दै गर्दा नायिका माला सिन्हाको मुम्बईको घरमा रेड पऱ्यो । बाथरुममा लुकाएको २२ लाख रुपैयाँ राजस्वले पक्डेपछि सुटिङमा समस्या आयो । यो समस्या टार्न नेपालबाट राजा महेन्द्रलगायत नरशमशेरले भारतका तत्कालीन प्रधानमन्त्री लालबहादुर शास्त्रीमार्फत महाराष्ट्रका मुख्यमन्त्री मोरारजी देशाईमार्फत सजाय माफीका निम्ति आग्रह गर्नुपऱ्यो । समस्या यतिमै टरेन । माला सिन्हाले त्यसपछि कांग्रेस सरकारको आग्रहमा एउटा फिल्म सित्तैमा खेल्नुपरेको थियो ।

माइतीघर पूरा भएपछि माला सिन्हाको विवाह नायक सिपी लोहनीसित भयो । गायिका अरुणा लामाको विवाह शरण प्रधानसित भयो । फिल्म सकेर केही समयपछि बिएस थापाको पनि अर्को विवाह भयो, प्रतिमा थापासित । पछि बिएस थापा र प्रतिमाको एउटा छोरी पनि भइन्- डली । डली पनि पछि नेपाली फिल्म दक्षिणामा सहनायिका भएर देखापरिन् । बिएस थापाले यसपछि 'कान्छी' र 'मायाप्रीति' दुइटा फिल्म बनाए । दुवै सफल भए । कान्छी र मायाप्रीतिमा चेतन कार्कीका कारण बिएस थापाले गोपाल योञ्जनलाई संगीतकारका रूपमा लिएका थिए ।

बिएस थापा ९० वर्ष पुगेपछि एकपटक नेपाल घुम्न आए । माइतीघर सुटिङ गरेका ठाउँहरू घुम्ने इच्छामुताबिक उनी निर्माण नियन्त्रक गेहेन्द्र धिमालसित काठमाडौं र पोखरा घुमे, अनि फर्केर गए । केही वर्षपछि विसं २०७३ साल श्रावण २५ गते मंगलबार विहान १० बजे मुम्बईस्थित बसोवाको सात बंग्लोमा उनको निधन भयो । थापाले लक्ष्मी, गंगा धाम, चरणदास चोर, भूल ना जाना, गीत गंगाजस्ता हिन्दी फिल्म बनाएका थिए भने राजेश खन्नालाई पहिलोपटक नाटकमा खेलाएका थिए । कुमार गौरव, सञ्जय दत्त, रति अग्निहोत्री, टिना मुनिम आदिलाई फिल्म अभिनय पनि सिकाएका थिए । नेपाली फिल्म 'जीवन-मृत्यु' बनाउने घोषणा गरेर उनले नायिका वीना बुढाथोकीलाई साइन पनि गराएका थिए । तर, समयले साथ दिएन । नेपाली फिल्मका महान् हस्ती बिएस थापाप्रति फेरि पनि भावपूर्ण श्रद्धाञ्जली !

पुस्तक

## जीवन-संघर्षको काव्यिक उडान
# 'आँशु कहिल्यै रित्तिँदैन'

■ पुष्पराज गिरी

*सर्जक तथा पत्रकार सनत गिरी 'गाउँले'को कवितासंग्रह 'आँशु कहिल्यै रित्तिँदैन'ले प्रेम, वियोग, सामाजिक करूणा र जीवन-संघर्षका विविध आयामलाई अत्यन्त सरल र हृदयस्पर्शी भाषामा प्रस्तुत गरेको छ । यस कृतिमा आँसुलाई दुःखको प्रतीक मात्र नमानेर मनको पीडा विसर्जन गर्ने र आन्तरिक सन्तुष्टि दिने गहिरो जीवन-दर्शनका रूपमा व्याख्या गरिएको छ ।*

साहित्यको काव्यविधा मानवमनका अत्यन्त सूक्ष्म अनुभूति, आन्तरिक संवेदना, जिजीविषा र जीवनबोधलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने सशक्त माध्यम हो । कविता केवल शब्दहरूको प्राविधिक संयोजन वा तुकबन्दी मात्र होइन, यो त हृदयको गहिराइबाट निःसृत अनुभूतिको संगीतमय र कलात्मक प्रष्फुटन हो । यसमा अर्न्तनिहित लय, आन्तरिक भाव, गेयात्मकता र श्रुतिमधुरताले पाठक तथा श्रोताको चेतनामा दीर्घकालीन प्रभाव पार्छ । एक साँचो काव्यकृतिले दुःखको भुमरीमा परेकालाई सान्त्वना दिन्छ, निराशाको अँध्यारोमा आशाको दीप बाल्छ र जीवनलाई हेर्ने दायरालाई व्यापक बनाउँछ । मनभित्र वर्षौंदेखि गुम्सिएर रहेका भावनालाई शब्दको रूप दिँदै मानवजीवनका विविध आयामलाई अनावरण गर्नु नै कविताको मूल सामर्थ्य हो ।

यस्तै, काव्यिक साधना र सिर्जनात्मक कर्ममार्फत नेपाली साहित्यमा निरन्तर आफ्नो उपस्थिति जनाउँदै आएका बहुप्रतिभाशाली सर्जक हुन्- सनत गिरी 'गाउँले' । वि.सं. २०३०मा काठमाडौंको ऐतिहासिक थलो दहचोकमा जन्मिएका गिरी नेपाली सञ्चारक्षेत्रका समेत एक परिचित व्यक्तित्व हुन् । लामो समयदेखि विभिन्न राष्ट्रिय छापा माध्यम तथा एफ.एम. रेडियोहरूमा आवद्ध रही सञ्चारकर्ममार्फत उनले सामाजिक रूपान्तरणमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । समसामयिक राजनीतिक घटनाक्रम, सामाजिक विकृति र मानवीय संवेदनाका विविध पाटामाथि विश्लेषणात्मक तथा विवेचनात्मक टिप्पणी लेख्नु उनको पत्रकारितागत विशेषता हो ।

**सर्जकको चौथो कृति र प्रकाशकीय सन्दर्भ**

पत्रकारिताको व्यस्त दिनचर्याका बाबजुद साहित्य सिर्जनामा निरन्तर क्रियाशील गिरीले कथा, नाटक, गीत, गजल, कविता र लघुकाव्यजस्ता विविध विधामा समान अधिकारका साथ कलम चलाउँदै आएका छन् । यद्यपि, उनको मुख्य रुचि र पकड भने गीत तथा कविता लेखनमै देखिन्छ । यसअघि उनका 'तिम्रो लागि', 'सुनगाभा' (गीत-गजलसंग्रह) र 'परदेशी' (लघुकाव्य)जस्ता कृतिहरू प्रकाशित भइसकेका छन् ।

यसै निरन्तरताको चौथो कडीका रूपमा उनको नयाँ कविता संग्रह 'आँशु कहिल्यै रित्तिँदैन' पाठकमाझ आएको छ । यस कृतिमा विभिन्न विषयवस्तु र भावभूमिका ५० वटा कविताहरू संगृहीत छन् । कृतिको प्रकाशकीयमा नवीन सिलवाल लेख्छन्, 'साहित्यले मानिसको मनमुटुलाई कुन हदसम्म स्पर्श गर्न सक्छ भन्ने कुरा गाउँलेजीका गीत, गजल र यो कवितासंग्रह पढेपछि स्पष्ट हुन्छ । यसमा समेटिएका अत्यन्त मिठासपूर्ण एवं परिस्थितिजन्य रचनाहरूले मलाई भित्री हृदयदेखि नै पुस्तकका रूपमा ल्याउन प्रेरित गरेका हुन् ।'

**काव्यिक विशेषता र वैचारिक धरातल**

गिरीको काव्यलेखनको मुख्य शक्ति भनेकै भाषाको सरलता, उच्च भावुकता र सहज सम्प्रेषणीयता हो । उनी दुर्बोध प्रतीक, जटिल विम्ब वा क्लिष्ट शब्दावलीको घेरामा अल्झिनुको साटो आमपाठकले सहजै हृदयंगम गर्न सक्ने सरल भाषामार्फत आफ्ना अनुभूति व्यक्त गर्न रुचाउँछन् । उनका रचनामा प्रेमका विविध रंग, वियोगको पीडा, सामाजिक करुणा, अतीतको स्मृति, जीवन-संघर्ष, अदम्य आत्मविश्वास र मानवतावादी दृष्टिकोण बारम्बार प्रखर रूपमा अभिव्यक्त भएका छन् । यस अर्थमा 'आँशु कहिल्यै रित्तिँदैन' मानवीय संवेदनाका अनेकौं पत्रहरूलाई सरल रूपमा उघार्ने एउटा परिपक्व काव्यकृति हो ।

संग्रहको शीर्षक कविता 'आँशु कहिल्यै रित्तिँदैन'मा कविले आँसुलाई मानिसको स्वाभाविक र जैविक अभिव्यक्तिका रूपमा प्रस्तुत गरेका छन् ।

दुःख पर्दा
आँशु नआएर के आउँछ
चोट पर्दा आँशु नआएर के आउँछ
आँशु कहिल्यै रित्तिँदैन ।
आँशुले दुःखमा पनि सन्तुष्टि दिँदो रहेछ ।




यहाँ प्रस्तुत आँसु केवल दुःख र रोदनको बाह्य प्रतीक मात्र होइन; यो त मनको भारी हलुका बनाउने एउटा भावनात्मक उपचार पनि हो । 'आँशुले दुःखमा पनि सन्तुष्टि दिँदो रहेछ' भन्ने अभिव्यक्तिले रोदनलाई कमजोरीका रूपमा नभई मनको पीडा विसर्जन गर्ने प्राकृतिक प्रक्रियाका रूपमा स्थापित गरेको छ । मानिसमा संवेदना जीवितै रहेसम्म आँसुको स्रोत सुक्दैन भन्ने गहिरो जीवन-दर्शन यस शीर्षक कविताले बोकेको छ ।

वर्तमानप्रतिको सचेतता र संघर्षको चेतना

अतीतका पानाहरूमा रुमल्लिनुभन्दा वर्तमानलाई सार्थक बनाउनुपर्छ भन्ने विचार 'अतीत' शीर्षकको कवितामा प्रस्टसँग आएको छ :

अतीतमा दुःख भयो भनेर रुनु किन ?
अतीतमा दुःख भए
वर्तमानमा सुख हुन सक्छ ।
यी हरफहरूले जीवनको निरन्तर परिवर्तनशीलतालाई इंगित गर्छन् । विगतको दुःखलाई सम्झेर वर्तमान नष्ट गर्नु वा हिजोको सफलतामा मात्तिएर आजको जिम्मेवारी भुल्नु दुवै गलत हुन् । विगतबाट पाठ सिक्दै वर्तमानमा सचेत र सक्रिय हुनुपर्छ भन्ने सकारात्मक सन्देश यस कविताको मूल मर्म हो ।

त्यसैगरी, 'जित हार' कवितामा जीवन-संघर्ष र उच्च मनोबलको प्रतिविम्ब पाइन्छ । 'हारलाई जितमा र आँसुलाई हाँसोमा बदल्नुपर्छ' भन्ने भावले असफलतालाई अन्तिम परिणाम नमानी आगामी सफलताको प्रस्थान विन्दु मान्न प्रेरित गर्छ । जीवनमा हार र जित चक्रझैं घुमिरहने भए पनि लडेर पुनः उठ्ने साहस नै मानिसको वास्तविक परिचय हो भन्ने कविको दृढ विश्वास छ ।

प्रेम, वियोग र सामाजिक दायित्व

'चिट्ठी' कवितामा प्रेम र साहित्यिक आत्मीयताको सुन्दर संयोजन देख्न सकिन्छ :

तिमी मेरो कविताझैं हाँस
मेरो गीतझैं बाँच ।

प्रिय पात्रलाई आफ्नै सिर्जनासँग तुलना गर्दै कविले उसको सुखद जीवनको कामना गरेका छन् । यहाँ प्रेम स्वामित्व वा अधिकार जमाउने माध्यम नभई आत्मिक समर्पण र शुभेच्छाका रूपमा आएको छ । यसको ठीकविपरीत 'हामी दुईको माया'ले भने प्रेमको विघटन र वियोगको मार्मिक अवस्थालाई प्रस्तुत गर्छ । 'हामी दुईको माया एकादेशको कथा भयो' भन्ने अभिव्यक्तिले सम्बन्धमा आएको दूरी र एकांगी पीडालाई मौन स्वीकृतिका साथ व्यक्त गरेको छ ।

कृति व्यक्तिगत प्रेम र वियोगमा मात्र सीमाबद्ध छैन, यसमा सामाजिक दायित्व र करुणाको पक्ष पनि उत्तिकै सबल छ । 'मैले केही गर्न सकिरहेको छैन' कवितामा कविको दृष्टि समाजका दुःखी र उत्पीडित वर्गसम्म पुगेको छ :

म दुःखीका पीडा बुझिरहेछु
म गरिबका कथा पढिरहेको छु ।

पत्रकारिताको पृष्ठभूमिले दिएको यथार्थबोधका कारण कवि समाजका असमानताप्रति संवेदनशील छन् । त्यस्तै, प्रेरणामूलक कविता 'अठोट'मा 'चन्द्रमामा पुग्ने लक्ष्य राख' भन्दै ठुलो सपना देख्न र 'मुठी रोपे मुरी पाइन्छ'जस्ता लोकोक्तिमार्फत श्रमको महत्त्व बुझ्न आह्वान गरिएको छ ।

**भाषिक शैली र समग्र मूल्यांकन**

भाषाशैलीका दृष्टिले यस संग्रहका कविताहरू सरल, सहज, भावप्रधान र संवादात्मक छन् । दैनिक जीवनका साधारण प्रतीकहरू (आँसु, हाँसो, अतीत, चिट्ठी, चन्द्रमा)लाई नै जीवनबोधको माध्यम बनाउनु कविको आफ्नै शैली हो । यद्यपि, साहित्यिक परिष्कारका दृष्टिले केही रचनालाई अझ संक्षिप्त, प्रतीकात्मक र भाषिक कसावटयुक्त बनाउन सकिने गुञ्जायस रहे पनि प्रत्यक्ष अभिव्यक्ति नै सर्जकको मूल पहिचान बनेर आएको छ ।

'आँशु कहिल्यै रित्तिँदैन' केवल पीडाको अभिलेख मात्र नभई संघर्ष, आशा, मानवता र अदम्य आत्मविश्वासको काव्यिक दस्तावेज हो । यसले पाठकलाई निराशाबाट अठोटतर्फ र हारबाट जिततर्फ अघि बढ्ने प्रेरणा दिन्छ । झरेका आँसुलाई जीवनको शक्ति र अनुभवमा रूपान्तरण गर्न सक्नु नै यस कृतिले दिएको सबैभन्दा ठुलो सन्देश र उपलब्धि हो ।

जीवनशैली

# अनलाइन सम्बन्ध

**'चिया पाक्यो, भान्सामा आउनुस्'**

उतावाट श्रीमतीको मोबाइलबाट म्यासेज आउँछ । फेसबुकको नोटिफिकेसन आएपछि श्रीमान् झटपट म्यासेज हेर्छन् र रिप्लाई गर्छन्- ओके ।

श्रीमती दुई कप चिया तयार पारिसकेकी हुन्छिन् । एउटै टेबुलमा दुईजना छन् । मिठो चिया छ । तर, संवाद हुँदैन । श्रीमान्ले टेबलमा राखिएको चियाको कपको फोटो खिच्छन् अनि स्टाटस लेख्छन्- गुड मर्निङ । श्रीमती पनि फेसबुकमै व्यस्त थिइन् । कमेन्ट लेख्छिन्- मर्निङ । केही समय दुवैजना सामाजिक सञ्जालमा व्यस्त हुन्छन्, तर कुराकानी हुँदैन । श्रीमती भान्साको काममा लाग्छिन् । श्रीमान् घरका अरू काम गर्छन् । खाना पाकिसकेपछि पस्केर थालमा राखेको खानाको फोटो खिचेर म्यासेन्जरमा पठाउँछिन् । फोटोमा लभ रियाक्ट गरेर श्रीमान् खाना खान भान्सामा जान्छन् । उतावाट छोरीको म्यासेज आउँछ । म्यासेजमा कलेजको फि तिर्नका लागि र केही व्यक्तिगत खर्चका लागि पैसा चाहियो भन्ने थियो । ठुलो स्टिकर वाला लाइक पठाउँछन् । अनि क्युआरमार्फत एक मिनेटमै अकाउन्टमा पैसा पुग्छ । अन्य कुनै संवाद हुँदैन ।

■ सपना बोहरा

*हामीले मोबाइललाई स्मार्ट बनायौं । घरलाई पनि स्मार्ट बनायौं । इन्टरनेटको गति बढायौं । संसारलाई औंलाको टुप्पोले चलायौं, सामाजिक सञ्जालबाट एक-अर्कासँग जोड्यौं । तर, सामाजिक सञ्जालमा चौबीसै घण्टा अनलाइन हुँदा कतै आफ्नैहरूसँग 'अफलाइन' त भइरहेका छैनौं ?*

उनी फेरि फोनमै व्यस्त हुन्छन् । रिल्स, टिकटक हेर्छन्, त्यसैमा रमाउँछन् । हजुरबुवा-आमालाई घरमा न्यास्रो लाग्छ भनेर फोन चलाउन सिकाएका छन् । घरमा रेडियो घन्किन छाडेको दशकौं भइसक्यो । टिभी छ, तर कसैले हेर्दैनन् । स्मार्ट फोन चलाउन सिकेपछि बुवा-आमाले घरीघरी भिडियो कल गरेर हैरान पार्छन् । पछिल्लो समय परिवारका सदस्यबीच भिडियो कल..., कल पनि पातलिँदै गयो । भ्वाइस म्यासेज छाड्यो, बस् । हातमै फोन भए पनि परिवारमा संवाद छैन । परिवारमा कसले के गरिरहेको छ ? ती सबै कुरा फेसबुक हेरेपछि मात्र थाहा हुन्छ । चाहे त्यो सकारात्मक होस् वा नकरात्मक ।

'हाम्रो त परिवारमा कसैसँग केही कुरा हुँदैन । साँझ एकैपटक खाना खानेबेला भेट हुन्छ । खाना खायो, आ-आफ्नो बेडमा गयो' चिया गफमा एकजनाले भन्दै छन् । तर, बेडमा अबेरसम्म कोही निदाउँदैन । सबैजना सामाजिक सञ्जालमै व्यस्त हुन्छन् ।

पछिल्लो समय सामाजिक सञ्जालले संसारलाई जोडेको छ । दुनियाँ चिनाएको छ । तर, आफू र आफ्ना आफन्तलाई टाढा बनाएको छ । परिवारभित्रको सदस्यले कसरी जिन्दगी चलाइरहेको छ, त्यो बुझ्दैन । सामाजिक सञ्जालमा कसैले पोस्ट गरेकै भरमा सहयोग गर्न तम्सिन्छन् । सामाजिक सञ्जालले दुनियाँलाई नजिक र नजिककालाई टाढा बनाउँदै लगेको छ । यति टाढा कि एउटै छानामुनि बस्ने परिवारमा संवाद होइन, मोबाइलको नोटिफिकेसनको पर्खाइ हुन्छ ।

धेरै समय मोबाइल, कम्प्युटर चलाएर 'बोर' भयो भनेर साथी खोज्छन् । चिया खान क्याफेमा समेत पुग्छन् । तर, लागेको लत कहाँ छुट्छ र ? सुरुमै फोनमा वाइफाई कनेक्ट हुन्छ । चियाको चुस्कीसँग मिठा-मिठा गफ हुनुपर्ने, तर मोबाइलमै ध्यान हुन्छ ।

पछिल्लो समय हरेकका लागि मोबाइल मुटुजस्तै भइसक्यो । एकछिन चल्न छाड्यो वा हरायो भने मुटुको धड्कन नै चल्न रोक्ने । बरु, मान्छे बिरामी भए केही समयपछि अस्पताल जाला, तर मोबाइल बिरामी हुनुभएन । अन्य सामान चोरी भए केही समय पर्खिएला । यताउता खोजतलासमा समय लाग्ला । तर, फोन हरायो भने जुनसुकै अवस्थामा पनि प्रहरीमा खबर पुग्छ र बडो चासोका साथ प्रहरीलाई निरन्तर सोधीखोजी गरिन्छ । केही दिनपहिले उपत्यका प्रहरी कार्यालयमा भएको पत्रकार सम्मेलनमा पनि प्रहरी प्रमुखले भन्दै थिए- सर्वस्व नै हराएको जस्तोगरी मोबाइल हरायो भन्दै आउने गर्छन्, अचम्म लाग्छ ।

सञ्चो, बिसञ्चो सोध्ने चलन पनि हटिसक्यो । बस्, फेसबुक, हवाट्सएपलगायतमा निलो सिग्नल आए पुग्छ । त्यति मात्रै होइन, परिवारका सदस्य कोही टाढाको यात्रामा छ भने पुग्यो कि भनेर सोध्ने चलन नै हराइसक्यो । सामाजिक सञ्जालले संसारसँग जोडेको छ । टाढा रहेका आफन्तसँग भिडियो कल गर्न सकिन्छ । साथीहरूसँग क्षणभरमै कुरा गर्न सकिन्छ । नयाँ सूचना तुरुन्तै पाउन सकिन्छ । तर, यही सुविधा परिवारभित्र भने एउटा अचम्मको दूरीको कारण बन्न थालेको छ ।

हामीले मोबाइललाई स्मार्ट बनायौं । घरलाई पनि स्मार्ट बनायौं । इन्टरनेटको गति बढायौं । संसारलाई औंलाको टुप्पोले चलायौं, सामाजिक सञ्जालबाट एक-अर्कासँग जोड्यौं । तर, सामाजिक सञ्जालमा चौबीसै घण्टा अनलाइन हुँदा कतै आफ्नै स्वजन, आफन्त र परिवारको जीवनमा भने 'अफलाइन' त हुँदै गइरहेका छैनौं ?

# नेपाली क्रिकेट टोलीको बिदाइ

## 'भविष्यको योजना र टोलीको स्तरवृद्धिका लागि नेतृत्व हेरफेर'

**काठमाडौं** : नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीको बिदाइ गरेको छ। शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा क्यानका सचिव पारस खड्काले टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरेका हुन्।

बिदाइ कार्यक्रममा सचिव खड्काले नेपाली क्रिकेटको संरचनामा महत्वपूर्ण परिवर्तन गरिएको जानकारी दिए। जसअनुसार राष्ट्रिय टोलीको एकदिवसीय (ओडिआई) फर्म्याटको कप्तानीको जिम्मेवारी सन्दीप लामिछानेलाई दिइएको छ। यसअघि रोहित पौडेलले नेतृत्व गर्दै आएका थिए।

सचिव खड्काले आधुनिक क्रिकेटको आवश्यकता, खेलाडीको कार्यभार र सन् २०२७ तथा २०२८ का विश्वकप लक्ष्यहरूलाई मध्यनजर गर्दै दुईवटा फर्म्याटका लागि छुट्टाछुट्टै कप्तान नियुक्त गर्ने निर्णय लिइएको प्रष्ट पारे।

सचिव खड्काले भने, 'रोहित पौडेल नेपालका सर्वाधिक सफल कप्तान हुन् र उहाँकै नेतृत्वमा हामीले ऐतिहासिक सफलताहरू हासिल गरेका छौं। तर भविष्यको योजना र टोलीको स्तरवृद्धिका लागि नेतृत्वमा यो हेरफेर गरिएको हो। यसले टोलीमा थप प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने र युवा खेलाडीहरूलाई अवसर प्रदान गर्ने हाम्रो विश्वास छ।'

भारतमा विशेष तयारी गरेपछि टोली उतैबाट सिधै मलेसिया जाने कार्यक्रम तय भएको छ। मलेसियामा आयोजना हुने एसिसी प्रिमियर कप नेपालका लागि निकै महत्वपूर्ण मानिएको छ, किनकि यो प्रतियोगिता एसिया कप छनोटको आधारसमेत हो।

उनले भने, 'हाम्रो मुख्य उद्देश्य एसिया कपमा छनोट हुनु र ओडिआई वरीयतामा सुधार गर्नु हो। नेपालले घरेलु मैदानमा उत्कृष्ट प्रदर्शन गरे पनि बाह्य मैदानमा सोही अनुरूपको नतिजा आउन सकेको छैन। अबको लक्ष्य भनेको विदेशी भूमिमा पनि उत्कृष्ट खेल पस्किनु हो।'

क्यानले अब केवल 'म्यानेजमेन्ट'मा मात्र सीमित नभई क्रिकेटको 'डेभलपमेन्ट'मा केन्द्रित हुने योजना अघि सारेको छ। सचिव खड्काले क्रिकेट एक सामूहिक खेल भएको र यसमा कुनै एक व्यक्तिको भन्दा पनि सिंगो राष्ट्रको जित महत्वपूर्ण हुने उल्लेख गरे। उनले राष्ट्रिय टोलीलाई सहयोग गर्ने सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रायोजक र सञ्चारकर्मीहरूप्रति आभार समेत व्यक्त गरे।

कार्यक्रममा नेपाली राष्ट्रिय क्रिकेट टोलीका मुख्य प्रशिक्षक स्टुअर्ट लले नयाँ कप्तानको नेतृत्वसँगै नेपाली क्रिकेटमा एक नयाँ युगको सुरुवात भएको बताए। प्रशिक्षक लले टोलीको भविष्यप्रति आफू उत्साहित रहेको र मलेसिया भ्रमणका लागि तयारी राम्रो भएको जानकारी दिए। आगामी मलेसिया भ्रमणको चर्चा गर्दै प्रशिक्षक लले त्यहाँको पिच स्पिनमैत्री हुनसक्ने र नेपाली टोलीमा युवा तथा अनुभवी खेलाडीको उत्कृष्ट सन्तुलन रहेकाले त्यसको फाइदा पुग्ने विश्वास व्यक्त गरे।

उनले कप्तान सन्दीप लामिछानेसँगको सहकार्यमा एक शक्तिशाली टोली मैदानमा उतार्ने लक्ष्य रहेको बताए। नेदरल्यान्ड्स भ्रमणको समीक्षा गर्दै प्रशिक्षक लले त्यहाँको नतिजा अपेक्षाअनुसार नभए पनि त्यसबाट पाठ सिकेको बताए। उनले खेलमा टसको भूमिका र दबाबका बीच सही निर्णय लिन नसक्दा हार व्यहोर्नुपरेको तथ्य स्वीकार गरे।

कार्यक्रममा बोल्दै राष्ट्रिय टोलीका कप्तान सन्दीप लामिछानेले विगतका खेलहरूमा भएका कमजोरीलाई आत्मसात गर्दै आगामी दिनमा सुधारिएको प्रदर्शन गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले पछिल्ला केही वैदेशिक भ्रमणहरू अपेक्षाअनुसार हुन नसकेको स्वीकार गर्दै विपक्षीको राम्रो खेल र आफ्ना केही प्राविधिक त्रुटिका कारण नतिजा आफ्नो पक्षमा आउन नसकेको बताए।

नेपाली टोली थप तयारीका लागि भारतको बैंगलोर प्रस्थान गर्दैछ। त्यहाँ १० दिनसम्म चल्ने विशेष प्रशिक्षणले मलेसियाको कन्डिसनमा अभ्यस्त हुन मद्दत पुग्ने कप्तान लामिछानेको विश्वास छ। उनले टोलीमा अनुभवी र नयाँ पुस्ताका खेलाडीहरूको राम्रो सम्मिश्रण रहेको र सबै खेलाडीहरू उच्च मनोबलका साथ मैदान उत्रन तयार रहेको जानकारी दिए।

नेपालले पहिलोपटक एसिया कप खेल्दाको अनुभव सम्झँदै उनले सोही सफलतालाई दोहोऱ्याउने उद्देश्यका साथ मलेसिया प्रस्थान गर्न लागेको बताए।

नेपाली टोलीले एसिसी प्रिमियर कपका साथै आइसिसी विश्वकप लिग-२ का खेलहरू र अस्ट्रेलियामा हुने 'ए' टिमको भ्रमणलाई पनि प्राथमिकतामा राखेको छ। क्यानले आगामी दिनमा नेपाली क्रिकेटलाई नयाँ उचाइमा पुऱ्याउन सबै सरोकारवालाहरूबाट धैर्य र निरन्तर सहयोगको अपेक्षा गरेको छ।

# जेम्सलाई जुनियर क्रिकेट लिग उपाधि

**काठमाडौं/मस-** जेम्सले जुनियर क्रिकेट लिग (जेसीएल)-सिजन २ को उपाधि शुक्रबार जितेको छ। मनमैजुस्थित एन्जल्स स्पोर्ट्स कम्प्लेक्समा भएको फाइनलमा जेम्सले डिएभी 'नीलो'लाई ८ रनले पराजित गऱ्यो।

टस जितेर पहिले ब्याटिङ गरेको जेम्सले निर्धारित १० ओभरमा ४ विकेट गुमाउदै ७० रनको योगफल खडा गऱ्यो।

प्रत्युत्तरमा डिएभी 'नीलो' अलआउट हुनुअघि ९.२ ओभरमा ७ विकेट क्षतिमा ६२ रनमा समेटियो। विजेताले ३० हजार र उपविजेताले २० हजार नगद पुरस्कार हात पारे।

एन्जल्स हार्ट नेसनल स्कुलद्वारा आयोजित प्रतियोगितामा डिएभी 'नीलो'का कमल साइ सर्वोत्कृष्ट खेलाडी घोषित भए। हिमालयन ह्वाइटहाउसका रिदम अधिकारी उत्कृष्ट बलर, डिएभी 'नीलो'का कमल साइ उत्कृष्ट ब्याट्सम्यान र आयोजक एन्जल्स हार्टका अभिषेक कठायत उदीयमान खेलाडी चुनिए।

एन्जल्स स्पोर्ट्स एकेडेमीको व्यवस्थापन तथा एनपीएल टिम काठमाडौं गुर्खाजको सहयोगमा भएको प्रतियोगितामा मानसिंह धर्म माविले अनुशासित टिमको ट्रफी हात पाऱ्यो।

विजेतालाई काठमाडौं गुर्खाजका कार्यकारी निर्देशक अनुभव स्वार सिरोहिया, एन्जल्स हार्टका अध्यक्ष लीलबहादुर पुन, एन्जल्स हार्ट माविकका प्रिन्सिपल धनबहादुर पुन, आयोजक एन्जल्स हार्ट नेसनल स्कुलका प्रिन्सिपल टकबहादुर थापा, एन्जल्स हार्ट स्पोर्ट्स एकेडेमीका अध्यक्ष खिम थापालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। टी- १० इन्डोर छात्र क्रिकेटमा २४ टिम सहभागी थिए।


### कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

**केन्द्रीय कार्यालय:**
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

### दश वर्षदेखि चल्ती नभएका वा हकदाबी नपरेका निक्षेप खाता सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः (२०८३।०४।३०)**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११२ को उपदफा (२) एवं नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, २०८२ को इ.प्रा.निर्देशन नं.१६/०८२ को बुंदा नं. ३ (४) को प्रयोजनार्थ यस बैंकका विभिन्न शाखाहरुमा खाता खोली दश वर्षदेखि चल्ती नभएका वा हक दाबी नपरेका निक्षेप खातावाला तथा सरोकारवालाहरुलाई यस बैंकको वेबसाइट www.kamanasewabank.com मार्फत आ-आफ्ना खाताबारे आवश्यक जानकारी लिई खातामा रहेको मौज्दात रकममा दाबी गर्न वा अविलम्ब खाता सञ्चालनमा ल्याउने व्यवस्था गर्नुहुन विनम्र अनुरोध गर्दछौं। साथै विगत १० वर्ष देखि शुन्य मौज्दात रही कारोबार नभएको निष्क्रिय खाताहरु नियमानुसार बन्द हुने व्यहोरा गर्न समेत यो सूचना जारी गरिएको छ। विस्तृत जानकारीको लागि आफ्नो खाता रहेको यस बैंकको शाखा कार्यालय वा नजिकको शाखा कार्यालयमा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ।

**पुनश्च:** बीस वर्षसम्म खाता निष्क्रिय राखी खातामा रहेको मौज्दात रकम बुझ्न नआएमा वा हकदाबी पर्न नआएमा उक्त निक्षेप रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ११२ को उपदफा (३) तथा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, २०८२ को इ.प्रा.निर्देशन नं.१६/०८२ को बुंदा नं. ३ (४) बमोजिम राष्ट्र बैंकको 'बैंकिङ्ग विकास कोष' खातामा जम्मा हुने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ।



### श्री बर्दिया जिल्ला अदालतबाट जारी भएको ३० (तीस) दिने सूचना

**प्रकाशित मितिः २०८३/०४/३०**

निवेदक जिल्ला बर्दिया, साविक गुलरिया न.पा वडा नं. ८ हाल गुलरिया न.पा वडा नं. ६ पुरानो गा.वि.स भवन बस्ने वर्ष ३९ की मुन्नी कुरेशीले निजको पति ऐ.ऐ. बस्ने करिम कुरेशीको नाति, पुत्तन कुरेलीको छोरा इनुस कुरेशी तपसीलको मिति र स्थानबाट वेपत्ता भएकोले निज इनुस कुरेशी जान सक्ने संभावित स्थानहरूमा खोजतलास गर्दा समेत फेला नपरेकोले मुलुकी देवानी संहिता २०७४ को दफा ४० को उपदफा ४ बमोजिम निज इनुस कुरेशीको मृत्युको न्यायिक घोषणा गरी पाउँ भनी निवेदन दिएको हुनाले निज कहीं कतै जीवित रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस अदालतमा उपस्थित हुनु होला। उपस्थित नभई म्याद गुजारी बसे कानून बमोजिम हुनेछ।

**तपसील**

| क्र.सं. | नाम | वेपत्ता मिति | वेपत्ता भएको स्थान |
|---|---|---|---|
| १. | इनुस कुरेशी | २०६४ साल | जिल्ला बर्दिया, साविक गुलरिया न.पा वडा नं. ८ हालको ऐ. जिल्ला गुलरिया न.पा. वडा नं ६ पुरानो गा.वि.स स्थित आफ्नै घरबाट मिति २०६४ सालमा निस्की गए देखि हालसम्म घर फर्की नआएको। |



### Cyprus मा रोजगार | कम्पनीः Light Vision Ltd. Limassol, Cyprus

पूर्व स्वीकृती मिति २०८३।०४।२९ चलानी नं. ६०२५९६५७ LT.No. 346530

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने.रु | हप्ताका कामको दिन | प्रतिदिन कामको घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 25 | स.कामका दक्ष | 400 | ७०,५५५/- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने ट्रि मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १५००/- | रु. १०,०००/- |

**अन्तर्वार्ता २०८३ भदौ ६ गते (22 August, 2026) मेनपावर कार्यालय सामाखुसीमा हुनेछ।**

[illegible]

Om Shree Mahashakti Employment Pvt. Ltd. Gov. Lic. No. 200/057/058
Samakhushi-26, Town Planning, KTM, Phone:- +977-1-4357662, Ambika Rakhal Magar 9849040279



### मलेसियामा रोजगार
कम्पनी : YUSOF & CHEW SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०८/०७ चलानी नं.: ६०२४७६५० LT. No.: 333965 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 2 | 0 | स. काममा दक्ष | 1700 | ६३३९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मिति २०८३ भदौ ६ गते (22 August 2026) मेनपावर कार्यालय काठमाडौंमा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५६६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

[illegible]

PANGENI HUMAN RESOURCES PVT. LTD.
श्रम इजाजत नं. ८१३/०६५/०६६
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ०१-४९८६६००/४९८६२०८
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com



### ओमनमा रोजगार
कम्पनीः ABU HALA GLOBAL LLC शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८३/०४/२० चलानी नं.: ६०२५९६५५ L.T. No.: 346537

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Food Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६३,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Asian Cook | 2 | 0 | | 160 | ६३,३३६ | | | | | | | |
| 3. | Western Food Cook | 1 | 0 | | 160 | ६३,३३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ ६ गते (22 August 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५६६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

[illegible]

PERFECT DESTINATION PVT. LTD. Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5269014, 01-5268998 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np



### साउदीमा रोजगार
कम्पनी : IBRAHIM MUSLIM AL-MUSLIM CONTRACTING COMPANY, A CLOSED JOINT STOCK COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०४/२८ चलानी नं.: ६०२५९६५० LT No: 346509

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A TRUCK DRIVER | 10 | 0 | स. काममा दक्ष | 1800 | ७३०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ६ गते (22 August 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५६६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

[illegible]

Rays Recruitment Pvt. Ltd. Gov. Lic. No.: 787/065/066
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com



### कुवेतमा रोजगार
कम्पनीः WARAQ ANAB FACTORY DESSERT AND PASTRIES COMPANY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०४/२५ चलानी नं.: ६०२५४५४१ LT. No.: 346336

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Tools Cleaning Worker | 12 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४९६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 150 | ७४४०७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ६ गते (22 August 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५६६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

[illegible]

SUPREME OVERSEAS PVT. LTD. Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, +977 9741877355
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np



### साउदीमा रोजगार
१ कम्पनीः SILVER CUPS PAPER PRODUCTS COMPANY शहरः SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८३/०४/१५ चलानी नं.: ६०२५९६६० LT. No.: 345713

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Paper Products Manufacturing Machine Operator | 1 | 0 | स. काममा दक्ष | 2500 | १०१४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२ कम्पनीः TAMIMI GLOBAL CO. LTD. FOR SERVICES AND MAINTENANCE शहरः SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८३/०४/२५ चलानी नं.: ६०२५९६५९ LT. No.: 346560

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING & UNLOADING LABOR | 49 | 0 | स. काममा दक्ष | 1000 | ४०५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ७ गते (23 August 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५६६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क१ रु. १०,००० क२ नि:शुल्क |

[illegible]

Worldwide Employment Consultant P. Ltd. License No. 127/055/056
Tokha-10, Kathmandu Nepal, Phone No: 00977-1-4958795, 4955696
P O Box No.: 77Email: info@wwhr.com.np, wwpspa@hotmail.com
Website: www.wwhr.com.np



### सप्तभूमे एग्रो एण्ड रिसर्च सेन्टर प्रा.लि.
Sapta Bhume AGRO AND RESEARCH CENTRE Estd. 2073
गोकर्णेश्वर-५, काठमाडौं

### सूचि दर्ता सम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/०४/३०

यस सप्तभूमे एग्रो एण्ड रिसर्च सेन्टर प्राइभेट लिमिटेडलाई आव ०८३/०८४ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित सामग्री तथा सेवाहरु आपूर्ति गर्न इच्छुक व्यक्ति, फर्म तथा कम्पनीहरुको सूचि दर्ता गराउनु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक वस्तु तथा सेवाहरू:**

**(क) मर्मत तथा सम्भारतर्फ :**
१. विभिन्न उपकरण तथा मेसिनरीको मर्मत तथा सम्भार।
२. कम्प्युटर, प्रिन्टर, फोटोकपी तथा IT उपकरण मर्मत।
३. फर्निचर तथा काठजन्य सामग्रीको मर्मत।

**(ख) आपूर्ति तथा सेवा तर्फ :**
१. विभिन्न उपकरण तथा मेसिनरी आपूर्ति/सेवा।
२. फर्निचर तथा क्रेट सामग्री आपूर्ति।
३. विद्युत तथा प्लम्बिङसम्बन्धी सामग्री/सेवा।
४. IT तथा प्राविधिक सेवा।
५. निर्माण तथा सिभिल कार्य।
६. सरसफाइ तथा Facility Management सेवा।
७. आधुनिक कृषि उत्पादन प्रणालीका लागि IOT तथा Digital उपकरण।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू :**
१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण प्रमाणपत्र)।
२. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. पछिल्लो आव सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. सम्बन्धित व्यवसायको इजाजत पत्र/लाइसेन्स, आवश्यक भएमा।
५. फर्म/कम्पनीको प्रोफाइल तथा उपलब्ध गराउने वस्तु/सेवाको विवरण।
६. सार्वजनिक खरिद सम्बन्धी कारबाहीका लागि अयोग्य नभएको/कालोसूचीमा नपरेको स्वघोषणा पत्र।
७. Company net worth कागजातहरू।

**नोट** : माथि उल्लेखित सामग्री तथा सेवाहरु आपूर्तिका लागि इच्छुक व्यक्ति तथा कम्पनीले ई-मेल (saptabhumeofficial@gmail.com) मार्फत् सूचि दर्ता गर्न सकिनेछ।



### सूचना ! सूचना !! सूचना !!!

**प्रकाशित मिति : २०८३/०४/३०**

बाल विकास समाजको कार्यसमितिको बैठकको निर्णयबमोजिम यस संस्थाको ३५ औं वार्षिकोत्सव र वार्षिक सामाजिक परिक्षण कार्यक्रम तथा ३६ औं वार्षिक साधारण सभा एवं दशौं (१०) महाधिवेशन (कार्यसमितिको निर्वाचन) कार्यक्रम तपशिलबमोजिमको मिति, समय र स्थानमा हुने भएकाले यस संस्थाका सम्पूर्ण आजीवन सदस्य, कार्यसमिति सदस्य, संस्थापक सदस्य तथा सल्लाहकारज्यूहरुमा यसै सूचनामार्फत अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**कार्यक्रम हुने:-**
**मिति:** २०८३ असोज ३ गते, शनिबार (September 19, 2026)
**स्थान:** Hotel Landmark, दरबारमार्ग, काठमाडौं
**वार्षिकोत्सव र वार्षिक सामाजिक परिक्षण कार्यक्रमको समय:** बिहान १०:३० बजेदेखि १:०० बजेसम्म
**साधारण सभा एवं महाधिवेशनको समय:** दिनको ठीक २:३० बजेदेखि ४:३० बजेसम्म
**सम्पर्क नं:** ०१-४८२०९३८, ९८५१०६५३७०, ९८५१०२३५००,

**डा. रीता सिंह हमाल**
**अध्यक्ष**
**बाल विकास समाज, काठमाडौं**



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०४/३०**

मिति २०८३/०४/२० गते सम्पन्न वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हिमालय एजुकेशन फाउण्डेशन प्रा.लि.** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने सर्तमा साविक नाम परिवर्तन गरी **कृष्ण इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी (प्रा.लि.नं. ६२९५३)** कायम गर्ने गरी मिति २०८३/०४/२७ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### बीमालेख हराएको सूचना

मिति २०८३ असार ३० गते मध्यपुर ठिमि-७, धुन्चेपाखाबाट कोटेश्वर जाने क्रममा एसियन लाइफ इन्स्योरेन्स कम्पनी लि.बाट जारी भएको बीमालेख (**Policy**) हराएको हुँदा पाउनुहने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु।

**बीमितको नाम : सकुन कार्की**
**बीमालेख नम्बर : 52100013836**
**ठेगाना : सुनकोशी-६, सिन्धुपाल्चोक**
**सम्पर्क नं : ९८५११३२११९**



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०४/३०**

मिति २०८३/०३/१० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **बिज्ञाती होटल प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **होटल दरबार इन्न प्रा. लि (प्रा. लि. नं.: १०६३५२)** कायम गर्ने गरी मिति २०८३/०३/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०४/३० मा दर्ता भएको **प्रा. लि. नं. ८५५९५/०६८/०६९** को **एस ड्रिम मल्टिप्रपोज नेपाल प्रा. लि.** को मिति २०८३/०४/२० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. ३८७, फोन नं. ९८४१३४०४०३**



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०४/३०**

मिति २०८२/०३/०२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **कामसु कन्सल्ट प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एस.एन.बी स्टुडियो प्रा. लि (प्रा. लि. नं.: २८१६९८)** कायम गर्ने गरी मिति २०८२/०५/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस INTERNATIONAL JOB LINK PVT. LTD. **(श्रम इजाजत पत्र नं. ७००/०६३/०६४)** मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निज व्यक्तिसँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। यदि यसो गरे/गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

| S.N. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| 1 | Lokendra Raut | Manager | 78910 |
| 2 | Bishwomitra Upreti | Documentation Officer | 22-01-72/00751 |

INTERNATIONAL JOB LINK PVT. LTD. Govt. Lic. No.: 700/063/064
Bhimsen Gola- 9, Kathmandu, Tel: 014584541, Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np



### कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Link International Placement Service Pvt. Ltd. (**श्रम इजाजत पत्र नं. ८२१/०६६/०६७**) मा कार्यरत कर्मचारी **ढाकाराम ढकाल (नागरिकता नं. ७१४५३)** लाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निज व्यक्तिसँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। यदि यसो गरे/गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Tokha-5, Basundhara Kathmandu, Tel.: 01-4956654, 4955978,
Prakash Paudel Contact No : 9849664971,
Email: info@linknepalmanpower.com
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015



### कर्मचारी हटाएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Good Life International Employment Agency Nepal Pvt. Ltd. (श्रम इजाजत पत्र नं. १७/०४७/०४८) मा कार्यरत कर्मचारीहरूलाई यस कम्पनीबाट हटाएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरूले यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य, आर्थिक कारोबार नगर्न नगराउन हुन यसै सार्वजनिक सुचना द्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। यदि त्यसो गरे/गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी विरोध भएमा ७ दिन भित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | नागरिकता नं./जिल्ला |
|---|---|---|---|
| ०१ | सुमन अधिकारी | जन सम्पर्क अधिकृत | ३५१०१५/१७८५ (चितवन) |
| ०२ | देबिका कटुवाल खत्री | कार्यालय सहायक | १६-०२-७४-०३८१० (सप्तरी) |

Good Life International Employment Agency Nepal Pvt. Ltd.
Kathmandu-26, Samakhushi Townplanning, Nepal
Tel. No.: +977-1-4979100, E-mail: info@goodlifenepal.com

बजेट वाच

# निजी क्षेत्रसम्बन्धी बजेट कार्यान्वयन सुस्त ६ बुँदा घोषणामै सीमित

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २९ साउन

आर्थिक वर्ष २०८२/८३मा निजी क्षेत्र र अर्थतन्त्रसँग सम्बन्धित बजेट कार्यान्वयन आधा पनि कार्यान्वयन नभएको देखिएको छ ।

नेपाल उद्योग परिसंघ (सिएनआई)ले गरेको 'बजेट वाच' कार्यक्रममा सार्वजजिक गरेको तथ्यांकमा गत आर्थिक वर्ष २०८२/८३को बजेटमा समावेश निजी क्षेत्र र अर्थतन्त्रसँग सम्बन्धित ७४ वटा बुँदामध्ये ३४ वटा अर्थात् ४६ प्रतिशत मात्र पूर्ण रूपमा कार्यान्वयन भएको देखिएको हो । यस्तै, आंशिक रूपमा कार्यान्वयन भएको बजेट नीति पनि ३४ वटा बुँदा रहेका छन् । यस्तै, गत वर्षको बजेटका निजी क्षेत्रसँग सम्बधित नीतिमध्ये ६ वटा बुँदा भने कार्यान्वयन नै हुन नसकेको सिएनआईले गरेको अध्ययनमा देखिएको हो ।

सिएनआईले बजेटमा आएको नीतिमा सातवटा क्षेत्र बनाएर अध्ययन गरेको थियो । जसमा औद्योगिक विकाससँग सम्बधित २७ बुँदामध्ये १४ वटा पूर्ण कार्यान्वयन, १० वटा आंशिक भएको र ३ वटा कार्यान्वयन नआएको देखिएको हो । यस्तै, ऊर्जा, पूर्वाधार तथा सहरी विकाससँग सम्बधित १४ बुँदामध्ये ५ वटा पूर्ण कार्यान्वयन, ७ वटा आंशिक र २ वटा कार्यान्वयन नभएको हो । कृषि तथा जडीबुटी क्षेत्रका ७ बुँदामध्ये ४ वटा पूर्ण कार्यान्वयन, ३ वटा आंशिक कार्यान्वयन भएको देखिएको हो । पर्यटन क्षेत्रका ९ बुँदामध्ये ६ वटा आंशिक र ३ वटा पूर्ण कार्यान्वयन भएको छ । यस्तै, लगानी तथा वित्तीय क्षेत्रका ८ बुँदामध्ये




४ वटा पूर्ण कार्यान्वयन, ३ वटा आंशिक र एउटा बुँदा शून्य कार्यान्वयन भएको बजेट वाचबाट देखिएको हो ।

शिक्षा तथा रोजगारीतर्फका ३ वटा बुँदामध्ये एउटा पूर्ण र २ वटा आंशिक कार्यान्वयन भएको छ भने सूचना प्रविधि तथा नवउद्यमतर्फका ६ बुँदामध्ये तीनवटा पूर्ण कार्यान्वयन र तीनवटा आंशिक कार्यान्वयन भएको देखिन्छ ।

आर्थिक वर्ष २०८२/८३ बजेट कार्यान्वयनको अवस्था हेर्ने हो भने पहिलो र दोस्रो त्रैमासिक राजनीतिक अन्योल, आन्दोलन तथा सरकारी संरचनाक्षति हुँदा बजेट कार्यान्वयनकै गतिमा असर गरेको देखिन्छ । तेस्रो त्रैमासिकमा निर्वाचनपछि नयाँ सरकारको १०० बुँदे कार्यसूचीले बजेटमा समावेश कार्यक्रमको कार्यान्वयनलाई गति दिएको थियो । चौथो त्रैमासिकमा बजेट कार्यान्वयनले गति लिएको देखिन्छ । गत वर्ष कानुन निर्माणमा उल्लेख्य प्रगति भई चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि आवश्यक कानुनी आधार तयार भएको अध्ययनले देखाएको हो । तर, पुँजीगत खर्चको अवस्था निकै कम हुँदा त्यसको असर अर्थतन्त्रमा नै परेको निजी क्षेत्रको भनाइ छ ।

नेपाल उद्योग परिसंघ (सिएनआई) का अध्यक्ष वीरेन्द्रराज पाण्डेले बजेटमा घोषणा गरिएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन नै आर्थिक गतिविधि विस्तार र आर्थिक वृद्धिको मुख्य आधार रहेको बताए । सिएनआई बजेट वाच कार्यक्रममा अध्यक्ष पाण्डेले नेपालको अर्थतन्त्र अझै पूर्ण रूपमा लयमा फर्किन नसकेको भन्दै बजार माग विस्तार र आर्थिक गतिविधि चलायमान बनाउन पुँजीगत खर्चको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए । सरकारले चालु आर्थिक वर्षमा ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य राखेको उल्लेख गर्दै उनले उक्त लक्ष्य हासिल गर्न पूर्वाधार आयोजना समयमै सम्पन्न गर्नुपर्ने, सार्वजनिक खर्चको गुणस्तर सुधार गर्नुपर्ने, निजी लगानीमैत्री वातावरण बनाउनुपर्ने र मन्त्रालयगत निर्णय प्रक्रियालाई तीव्र बनाउनुपर्ने बताए ।

विदेशी मुद्रा सञ्चिति सन्तोषजनक अवस्थामा रहेको, बैंक तथा वित्तीय संस्थामा पर्याप्त लगानीयोग्य स्रोत उपलब्ध रहेको र ब्याजदर एकल अंकमा झरे पनि बजारमा समग्र माग अपेक्षाअनुसार विस्तार हुन नसकेको उनको भनाइ थियो ।

सरकारले बजेटमार्फत निजी लगानी प्रोत्साहन, औद्योगिक तथा उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता, पूर्वाधार विकास तथा सार्वजनिक-निजी साझेदारीलाई महत्व दिनु सकारात्मक भए पनि निजी क्षेत्रका लागि नीति घोषणा मात्र नभई त्यसको प्रभावकारी कार्यान्वयन नभएको उनले बताए । परिसंघले '१०० अर्ब अमेरिकी डलरको अर्थतन्त्र' निर्माण गर्ने विषयमा विस्तृत अध्ययन भएको भन्दै उत्पादन, ऊर्जा, कृषि, पर्यटन, सूचना प्रविधि, पूर्वाधार, निर्यात र मानव पुँजीका क्षेत्रमा तीव्र सुधार तथा लक्षित लगानीमार्फत छिटो आर्थिक रूपान्तरण हासिल गर्न सकिने निजी क्षेत्रको बुझाइ छ ।

# तातोपानी नाका बन्द २० अर्ब बढीको सामान रोकियो

**सिन्धुपाल्चोक/रासस–** तातोपानी नाका अझै पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन । सडक अवरुद्ध भएपछि तातोपानी नाकामार्फत हुने आयात-निर्यात प्रायः ठप्प भएको हो ।

बाह्रबिसे-कोदारी सडकखण्डका विभिन्न स्थानमा सडक अवरुद्ध भएपछि उक्त नाका २६ दिनदेखि पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको हो । बाह्रबिसे-कोदारी खण्डको कुल लम्बाइ २६ किलोमिटर छ । भोटेकोसी गाउँपालिका-२ स्थित कोदारी (इको) क्षेत्रको सडकखण्डमा असार ३१ गते आएको पहिरोले सडक भासिएपछि दुई देशबीचको सडक सञ्जाल टुटेको छ । नेपाल र चीनलाई जोड्ने उत्तरी सिमानाको यो मार्ग अन्तर्राष्ट्रिय व्यापारिक मार्ग हो । अरनिको राजमार्ग डाकलाङमा साउन ३ गतेदेखि रलिपिङ बजारनजिकै साउन १९ गतेदेखि वर्षाका कारण सडक अवरुद्ध भएको छ । तातोपानी भन्सारमार्फत हुने आयात-निर्यात पूर्ण रूपमा ठप्प हुँदा नेपाल मात्रै होइन, चीनतर्फका गोदाम र सडकमा रोकिएका मालवस्तु पनि नेपाल भित्रिन सकेका छैनन् । अरनिको राजमार्गको कोदारी, डाकलाङलगायत स्थानमा पहिरो जानेक्रम अझै रोकिएको छैन ।

उक्त भन्सार कार्यालयका भन्सार अधिकृत दीपेन्द्रप्रकाश गिरीले चालु आर्थिक वर्षका लागि सरकारले २५ अर्ब २५ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य निर्धारण गरको बताए । 'सडक अवरुद्ध हुनेक्रम जारी छ । भन्सारबाट कुनै काम हुन सकेको छैन,' प्रमुख भन्सार अधिकृत गिरीले भने, 'दुई देशबीचको व्यापारमा मात्र होइन आवतजावत गर्न कठिन भएको छ ।' भोटेकोसीको लार्चामा रहेको तातोपानी सुक्खा बन्दरगाह पहरोमुनि भएकाले माथिबाट पहिरो झर्ने गरेको छ ।

सडक अवरुद्ध हुँदा दसैं, तिहारलक्षित सामान, स्याउ, लसुनजस्ता फलफूल र विभिन्न उद्योग निर्माणका सामान बोकेका कन्टेनर चीनको सिगर्चे, ल्हासा र न्यालमलगायत सहरमा रोकिएको

भन्सार कार्यालयले जनाएको छ । करिब ५०० कन्टेनर चिनियाँ क्षेत्रमा र नेपालतर्फ कोदारीमाथि ४६ कन्टेनरमा करिब २० अर्ब बढीको सामान रोकिएका छन् ।

तातोपानी नाकाबाट व्यापार गर्ने व्यवसायी ठुलो समस्यामा परेको सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतले बताए । व्यवसायीसँगै ६४० को संख्यामा मजदुर र ट्रान्सपोर्ट तथा भन्सारसम्बन्धी कामकाज गर्ने ३०० कामदारको कामसमेत गुमेको छ ।

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ, नेपाल हिमालय सीमापार वाणिज्य संघलगायत व्यापारिक संघसंस्थाले विज्ञप्तिमार्फत उत्तरी नाका खुलाउन अनुरोध गरेका छन् । उत्तरी नाकाको छोटो र सहज मानिएको तातोपानीबाट विशेषतः तयारी पोसाक, जलविद्युत् आयोजनाका हेभी इक्विपमेन्ट, तथा कृषि औजार, ब्याग, जुत्ता, चप्पल, स्टेसनरी, फर्निचर, खेलौना, फलफूल, शृंगारका सामग्री, बीउबिजन, इलेक्ट्रिक गाडी, कम्प्युटर पार्टस्, उद्योगको कच्चा पदार्थलगायत वस्तु आयात हुने गरेको छ ।

'नेपाली बजारमा पाइने धेरै उपभोग्य वस्तु चीनबाट आयात हुने गरेको छ,' हिमालयन सीमापार वाणिज्य संघका महासचिव रामचन्द्र पराजुलीले भने, 'तर सरकारले नाकालाई सहज बनाउन ध्यान दिएको देखिएन । यसबाट व्यवसायी मारमा परेका छन् ।' धेरै व्यवसायीले हरेक वर्ष झन्झट बेहोर्दा आर्थिक रूपमै धरासायी भएको उनले बताए ।

चाडपर्वको मुखमा आयात व्यापारको आकार ठुलो हुने भए पनि सडक अवरुद्ध हुँदा बर्सेनि यस्तो समस्या आउने गरेको छ । गत वर्ष पनि असारदेखि असोजसम्म सोही स्थानमा सडक अवरुद्ध हुँदा दसैं र तिहारका लागि आयात गरिएका मालवस्तु नेपाल भित्रिन पाएका थिएनन् । डिभिजन कार्यालयका चरिकोटका प्रमुख ई.नारायणदत्त भण्डारीले डाकलाङ, घट्टेखोला र इको पहिरोका कारण आवतजावत गर्न कठिन भएको बताउँछन् । इको पहिरो नियन्त्रण गर्न चिनियाँ अनुदान प्राप्त भए पनि समयमै काम सुरु नहुँदा सास्ती खेप्नुपरेको भोटेकोसी गाउँपालिकाका अध्यक्ष पासाङ नुर्पु शेर्पाले बताए ।

'पहिरो नियन्त्रण कसरी गर्ने ? सडक डिभिजन कार्यालय चरिकोटले खटाएका मेसिन र कर्मचारीले काम गरेर सडक बन्ने सम्भावना छैन, उनले भने, 'इको पहिरो भासिएर तत्काल बनाउन सकिने अवस्था छैन ।' भासिएको जमिनमाथि कोदारी थामी गाउँ छ । जहाँ ६० परिवार बस्छन् । जमिन जतिजति भासिन्छ, बस्ती उति जोखिममा पर्छ। भासिएको हिलो भोटेकोसी नदीले बगाएर लान्छ । चारकिलोको पहिरोमाथि पनि पन्थली गाउँ छ । त्यही ५० भन्दाबढी घर छन् । ठुला मेसिनको थर्काबटले गाउँ बग्ने जोखिम छ । तलबाट उठाएर सडक बनाउने ठाउँ छैन ।' प्रत्येक वर्ष वर्षायाममा पहिरो जाने गरेका कारण दुई देशबीच व्यापार गर्न समस्या पर्दै आएको छ । 'वर्षा सुरु हुनेबित्तिकै माथिबाट लेदो बगेर सडक नै बगाईदिने समस्याका कारण व्यवसायी मर्कामा छन्,' भोटेकोसी गाउँपालिका-२का वडाध्यक्ष कुमार श्रेष्ठले भने, 'जब वर्षा लाग्छ, पहिरो जान्छ अनिमात्रै काम सुरु गर्ने परिपाटीले सास्ती भोग्नुपरिरहेको छ ।'

# नेपाली अटो मेकानिकले गरे चीनको एसआरएम कारखानामा इभी प्रविधिको अवलोकन

**काठमाडौं/मस–** नेपालमा विद्युतीय सवारीसाधन (इभी)को प्रयोग बढ्दै जाँदा दक्ष प्राविधिक जनशक्ति विकासमा जोड दिन थालिएको छ । यसै क्रममा नेपाल अटो मेकानिक व्यवसाय महासंघका ३० जना प्रतिनिधिले चीनको चोङछिङस्थित साइनरे मोटर्स एसआरएमको उत्पादन कारखानाको अवलोकन गरेका छन् । नेपालमा एसआरएम तथा जोइलङका विद्युतीय सवारीसाधनको आधिकारिक वितरक भिजी मोटर्सको पहल तथा एसआरएमको सहयोगमा महासंघका प्रतिनिधिले साउन २६ र २७ गते फुलिङ, चोङछिङस्थित एसआरएमको कारखाना भ्रमण गरेका हुन् ।

भ्रमणका क्रममा नेपाली प्राविधिकहरूले सवारीसाधन उत्पादन तथा एसेम्बली प्रक्रिया, गुणस्तर नियन्त्रण प्रणाली, परीक्षण प्रक्रिया र विद्युतीय सवारीसाधनमा प्रयोग हुने प्रविधिबारे प्रत्यक्ष जानकारी लिएका थिए । उनीहरूले एसआरएमका प्राविधिक विशेषज्ञसँग अन्तरक्रिया गर्दै इभी उत्पादन तथा मर्मतसम्भारसँग सम्बन्धित विषयमा जानकारीसमेत आदानप्रदान गरेका थिए । भ्रमणले नेपाली अटो मेकानिकलाई सामान्य वर्कसपमा प्राप्त हुने व्यावहारिक ज्ञानभन्दा बाहिर गएर विद्युतीय सवारीसाधनको उत्पादन, इन्जिनियरिङ, परीक्षण र गुणस्तर नियन्त्रण प्रक्रियालाई प्रत्यक्ष रूपमा बुझ्ने अवसर दिएको भिजी मोटर्सले जनाएको छ ।

नेपालमा व्यावसायिक विद्युतीय सवारीसाधनको बजारमा आफ्नो उपस्थिति विस्तार गर्दै आएको भिजी मोटर्सले सवारीसाधन बिक्रीसँगै प्राविधिक जनशक्ति विकासमा समेत काम गर्दै आएको जनाएको छ । कम्पनीले देशका विभिन्न स्थानमा मेकानिक मिट आयोजना गर्नुका साथै इभीसम्बन्धी प्राविधिक प्रशिक्षण तथा साइटमै पुगेर प्राविधिक समस्या समाधान गर्दै आएको छ ।

भिजी मोटर्सका अनुसार इभीसम्बन्धी प्राविधिक प्रशिक्षणको पहिलो चरण पूरा भइसकेको छ । अब दोस्रो चरणको प्रशिक्षण अधि बढाउने तयारी भइरहेको छ । दोस्रो चरणमा इभी मर्मतसम्भारका लागि आवश्यक उपकरणको पहिचान तथा प्रयोगदेखि सवारीसाधनको प्राविधिक मर्मतसम्मका विषय समेटिने बताइएको छ ।

एसआरएम तथा भिजी मोटर्सको प्रायोजनमा भएको भ्रमणमा सहभागी प्रतिनिधिहरूको यात्रा तथा आतिथ्य व्यवस्थासमेत गरिएको थियो । नेपालमा विद्युतीय सवारीसाधनको प्रयोग बढ्दै जाँदा अटोमोबाइल क्षेत्रका प्राविधिकको भूमिका पनि परिवर्तन हुँदै गएको छ । परम्परागत मेकानिकल प्रणालीसँगै इभीमा विद्युतीय प्रणाली, ब्याट्री प्रविधि, इलेक्ट्रोनिक कम्पोनेन्ट, डायग्नोस्टिक्स, सुरक्षा प्रणाली तथा सफ्टवेयरसम्बन्धी ज्ञान आवश्यक हुने भएकाले प्राविधिकको क्षमता अभिवृद्धि महत्वपूर्ण बन्दै गएको छ ।

भिजी मोटर्सका कर्मसियल हेड सजल श्रेष्ठले नयाँ प्रविधि भित्र्याउनु मात्र पर्याप्त नभई त्यसलाई सञ्चालन र मर्मत गर्ने दक्ष जनशक्ति विकास गर्नु पनि उत्तिकै आवश्यक रहेको बताए । 'मोबिलिटीको भविष्य नयाँ प्रविधि भित्र्याउने विषयमा मात्र सीमित छैन । त्यस प्रविधिलाई सहयोग गर्ने जनशक्ति विकास गर्नु पनि आवश्यक छ । प्राविधिकहरू इभी इकोसिस्टमको महत्वपूर्ण हिस्सा हुन् । उनीहरूलाई उचित प्रशिक्षण र प्रत्यक्ष अनुभव उपलब्ध गराउँदा ग्राहकको विश्वास बढाउन, बिक्रीपछिको सेवा सुधार गर्न र नेपालको अटोमोबाइल जनशक्तिलाई भविष्यका लागि तयार गर्न सहयोग पुरुछ,' उनले भने ।

# प्रभु बैंक र सस : त्वा हस्पिटालिटीबीच छुट सम्झौता

**काठमाडौं/मस–** कीर्तिपुरको सस :त्वा हस्पिटालिटी र प्रभु बैंकबीच विशेष छुटसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । प्रभु बैंकका तर्फबाट सेन्ट्रल बिजनेस सेन्टरका प्रमुख लेखबहादुर पुन र कीर्तिपुर शाखा प्रमुख रश्मी महर्जन र सस :त्वा हस्पिटालिटीका तर्फबाट विकी तथा बजारीकरण अधिकृत सागर खनाल र सञ्चालक प्रबन्धक सुशान महर्जनले सम्झौतापत्रमा हस्ताक्षर गरे । सस :त्वा हस्पिटालिटी प्रभु बैंकका ग्राहक तथा कर्मचारीले सेवा तथा सुविधा लिएबापत विशेष छुट पाउनेछन् । सम्झौताअनुसार प्रभु बैंक लिमिटेडका ग्राहक तथा कर्मचारी तथा वैध परिचयपत्र भएका ग्राहकले खाना तथा पेयपदार्थमा १० देखि १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । सस:त्वाको सेवा तथा सुविधा प्राप्त गर्नको निमित्त बैंकको डेबिट कार्ड, केडिट कार्ड तथा बैंकका अन्य कुनै विद्युतीय प्रणालीद्वारा बिल भुक्तानी गर्नुपर्नेछ ।

# एडिएम तथा सन इमर्जिङ क्लब अभिकर्ता सम्मान

**काठमाडौं/मस–** सन नेपाल लाइफ इन्सुरेन्स कम्पनीको आयोजनामा गण्डकी तथा नारायणी क्षेत्रअन्तर्गतका एजेन्सी डेभलपमेन्ट म्यानेजर (एडिएम) तथा इमर्जिङ सन क्लबमा योग्य अभिकर्ताहरूको सम्मान कार्यक्रम सम्पन्न भएको छ । पोखरामा आयोजित कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्यालको प्रमुख आतिथ्य तथा चिफ मार्केटिङ अफिसर गणेश चौलागाईको विशेष आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो ।

गण्डकी तथा नारायणी क्षेत्रका प्रदेश प्रमुख ईश्वर विकल सापकोटाले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै एडिएम तथा अभिकर्ताहरूको क्षमता, सक्रियता र व्यावसायिक विकासमा यस्ता कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने बताए ।

प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्यालले अभिकर्ता नै कम्पनीको व्यवसाय विस्तारका प्रमुख आधार भएको उल्लेख गर्दै आगामी दिनमा पनि अभिकर्ताको वृद्धि, विकास, प्रोत्साहन तथा सम्मानका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने

प्रतिबद्धता व्यक्त गरे । त्यसैगरी, चिफ मार्केटिङ अफिसर गणेश चौलागाईले कम्पनीबाट अभिकर्ता तथा एडिएमहरूले प्राप्त गर्ने विभिन्न सेवा-सुविधा, एडिएमको भूमिका तथा सेवा-सुविधा र सेल्स पोलिसी २०८३/८४का प्रमुख विषयवस्तुहरूबारे जानकारी गराए । उनले नयाँ बिक्री नीति तथा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै व्यवसाय विस्तारमा थप सक्रिय हुन अभिकर्तालाई आग्रह गरे । कार्यक्रममा अभिकर्तालाई सम्मान तथा प्रोत्साहन प्रदान गरिएको थियो । सम्मान कार्यक्रमले अभिकर्तामा थप ऊर्जा, उत्साह र आगामी दिनमा उत्कृष्ट व्यवसाय प्रदर्शन गर्ने प्रेरणा प्रदान गरेको सहभागीले बताए ।

# यामाहा रोडिजको प्रि-अडिसन हुँदै

**काठमाडौं/मस–** हिमालय टेलिभिजनबाट प्रसारण हुने रोडिजको टाइटल स्पोन्सर यामाहा रेसिङले यस वर्षको नयाँ थिम 'एटिट्युड भर्सेस अल्टिच्युड'अन्तर्गत माउन्टेन ड्युसँगको सहकार्यमा प्रस्तुत हुन लागेको हिमालय रोडिज सिजन ८का लागि प्रि-अडिसनको घोषणा गरेको छ ।

प्रि-अडिसन आगामी अगस्ट १५ देखि सुरु हुनेछ । यसमा सहभागीले ब्लु टिकट प्राप्त गर्ने अवसर पाउनेछन्, जसले उनीहरूलाई कार्यक्रमको पिआई राउन्डमा सिधै प्रवेश गर्ने अवसर प्रदान गर्नेछ । रोडिज लामो समयदेखि सहभागीहरूको मनोवृत्ति, सहनशक्ति र हिम्मतको परीक्षण गर्ने सबैभन्दा चुनौतीपूर्ण रियालिटी सोहरूमध्ये एकका रूपमा परिचित छ । 'एटिट्युड भर्सेस अल्टिच्युड' थिमसहितको सिजन ८ले पनि अग्लो हिमाल र आफ्नो सीमा नाघेर चुनौतीको सामना गर्ने निडर भावनासँगको सम्बन्धलाई निरन्तरता दिएको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**